का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ चैत २०८२
आइतबार
15 March 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २४, अंक ५२। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# एमालेमा उकुसमुकुस

## आत्मसमीक्षा र आरोप-प्रत्यारोपमा नेताहरू

**आम चुनावमा आएको परिणामको समीक्षामा पार्टी रहेका बेला नेकपा एमालेका कतिपय नेताहरू सार्वजनिक रूपमै आरोप-प्रत्यारोपमा उत्रिएका हुन् ।**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३० फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनमा सर्मनाक हार बेहोरेको नेकपा एमाले त्यसको समीक्षामा छ । तर यही बेला एमालेका कतिपय नेताहरू सार्वजनिक रूपमै आरोप-प्रत्यारोपमा उत्रिएका छन् ।

गत २१ फागुनमा भएको निर्वाचनमा पार्टीका अधिकांश शीर्ष नेताहरूले चुनाव जितेनन् । चुनावी परिणामलाई लिएर नेताहरूले इतिहासकै गम्भीर धक्का बेहोरेको भन्दै यसको गम्भीर समीक्षा गर्नुपर्ने बहसलाई व्यापक बनाएका छन् ।

प्रत्यक्षतर्फ ९ सिट जितेको एमालेले समानुपातिकमा १६ सिट पाएको छ । १७५ सिट रहेको प्रतिनिधिसभामा यस पटक एमाले २५ सिटसहित तेस्रो दल बन्न पुगेपछि पार्टीभित्र एकअर्काप्रति दोषारोपण चुलिँदै गएको हो । नेताहरूले यही मौका छोपेर एकले अर्को पक्षलाई पेल्ने प्रयास गरिरहेका छन् ।

एमाले नेता शेरबहादुर तामाङले आफ्नो निर्वाचन क्षेत्र समेत जोगाउन नसक्ने नेताहरूले अध्यक्ष केपी ओलीलाई दोष देखाएर उम्किन नमिल्ने बताएका छन् । पार्टीको ११औं महाधिवेशनमा प्रष्ट दुई समूहमा विभाजन भएर चुनाव लडेका नेताहरूले आम निर्वाचनमा समेत एक अर्का पक्षमा खुलेर सहयोग नगरेको आरोप लगाइरहेका छन् ।

वर्तमान संस्थापन पक्षलाई इतर समूहका नेताहरूले चुनाव हारको कारण नेतृत्व पंक्तिकै कारण भनेको छ भने संस्थापन पक्षधर नेताहरूले चुनावी पराजयको भार सबैले लिनुपर्ने तर्क गर्दै आएका छन् ।

एमालेका नेता प्रदीप ज्ञवालीले अहिलेको चुनावमा इतिहासकै गम्भीर धक्का बेहोरेको भन्दै समग्र परिणामको वस्तुनिष्ठ, गहन र निर्मम समीक्षा हुनुपर्ने बताए । गुल्मी निर्वाचन क्षेत्र नम्बर २ बाट रास्वपाका सागर ढकालसँग हारेका ज्ञवालीले कतिपय नीतिगत विषय, कतिपय संरचनागत प्रश्न, शैलीगत कारण, नेतृत्व पंक्ति र व्यक्ति-व्यक्तिका भूमिकाका कारण यस्तो चुनावी परिणाम आएको दाबी गरेका छन् ।

ज्ञवालीले भनेका छन्, 'चुनावी परिणामका सन्दर्भमा वस्तुनिष्ठ, गहन र निर्मम समीक्षा हुनैपर्छ । समीक्षा गरिएन, यो यस्तै हो भनियो या अरूलाई मात्रै दोषारोपण गरियो भने संकट झनै गहिरिँदै जानेछ ।' यस्तो समीक्षाले मात्रै यस कठिन समयबाट अगाडि लैजान मार्गदर्शन गर्ने उनले बताए । ज्ञावालीले मात्र नभई एमालेका अधिकांश नेताहरूले चुनावी परिणामलाई गम्भीरताकासाथ समीक्षा गर्नुपर्ने बताउँदै आएका छन् ।

पार्टीभित्र कारबाहीको डण्डा चलाउने विषयमा समेत छलफल चलिरहँदा एमालेका पृष्ठ २ मा



"एमालेले अनपेक्षित हार बेहोरेको छ । पार्टी नेतृत्वकै कारण यो परिणाम आएको हो भन्ने अवस्था छैन ।"

■ **महेश बस्नेत**, सचिव, एमाले



"एमालेको पूनर्संरचना र कार्यशैली रिसेट गर्नुपर्ने बेला आइसकेको छ ।"

■ **सुरेन्द्र पण्डे**, नेता, एमाले

## सामाजिक सञ्जालमा दोहोरी

एमालेका महासचिव शंकर पोखरेल र उपमहासचिव योगेश भट्टराईबीच सामाजिक सञ्जालमा दोहोरी नै चलेको छ ।

एमालेका महासचिव पोखरेलले उपमहासचिव भट्टराईलाई जिम्मेवारी नदिइएको भन्ने अभिव्यक्तिको खण्डन गरेका छन् । नेता भट्टराईले एक अन्तर्वार्तामा चुनावमा आफूले महासचिवसँग जिम्मेवारी माग्दा नपाएको अभिव्यक्ति दिएपछि महासचिव पोखरेलले उक्त अभिव्यक्ति गलत भएको दाबी गरे । पोखरेलले फेसबुकमा लेखेका छन्, 'मैले उहाँलाई वक्ताका रूपमा माग भएका स्थानहरूमा मिलेसम्म गइदिन अनुरोध गरेको कुरा भने कतै उल्लेख भएको देखिनँ ।'

शनिबार बिहान फेसबुकमा स्टाटस लेख्दै एमाले नेता बास्कोटाले अर्का नेता शेरबहादुर तामाङप्रति कडा कटाक्ष गरेका थिए । आफू तामाङजस्तो पृष्ठ २ मा


## एमालेले टुंग्यायो समानुपातिक सांसद

नेकपा एमालेले समानुपातिक सांसदहरूको टुंगो लगाएको छ । शनिबार भक्तपुरको गुण्डुमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको सचिवालय बैठकले समानुपातिक सांसदको नाम टुंगो लगाएको हो । समानुपातिक सांसदका लागि बन्दसूचीमा रहेका नामहरूमध्येबाट १६ जनाको नाम सिफारिस गरेको एमालेले जनाएको छ ।

जसमा जनजाति क्लस्टरबाट भूमिका सुब्बा, गंगादेवी श्रेष्ठ, रामबहादुर थापा मगर, कुलभक्त शाक्य गरी ४ जनालाई पठाइएको छ । खस आर्यतर्फ पद्मा अर्याल, टुकाभद्रा हमाल, एशुदा कुमारी बराल, गुरु प्रसाद बराल र पुष्पराज पृष्ठ २ मा

# १२ सय कैदीबन्दी ६० वर्ष माथिका जबरजस्ती करणीका धेरै

कारागार व्यवस्थापन विभागका अनुसार देशभरका कारागारमा ६० वर्षमाथिका करिब एक हजार दुई सय जना कैदीबन्दी रहेका छन् । ज्येष्ठ कैदीबन्दीमध्ये सबैभन्दा धेरै जबरजस्ती करणीमा संलग्न रहेको पाइएको छ । त्यसपछि कर्तव्य ज्यान मुद्दा र लागुऔषध प्रयोगकर्ताहरू छन् ।




**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ३० फागुन

कैलालीका भजनी नगरपालिका-८ जनकपुर बस्ने ६५ वर्षीय राम शंकर चौधरी जबरजस्ती करणीको आरोपमा कैद भुक्तान गरिरहेका छन् । कैलालीकै ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा उनलाई पुस २५ गते प्रहरीले पक्राउ गरेको थियो ।

चौधरीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय भजनीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

त्यस्तै सुनसरी बराहक्षेत्र नगरपालिका-७ बस्ने ६४ वर्षीय प्रमानन्द पौडेल पनि जबरजस्ती करणी गरेको आरोपमा कैद भुक्तान गरीरहेका छन् । उनलाई प्रहरीले गत फागुन १ गते पक्राउ गरेको हो । झापाकी २७ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा उनलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पौडेलले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी शनिश्चरेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

त्यस्तै पाँचथर, फाल्गुनन्द गाउँपालिका-७ खामेलकका ८२ वर्षीय वर्ण सिंह आङदेम्बे पनि कारागारमा छन् । गत मंसिर २८ गते सोही ठाउँका ३६ वर्षीय प्रेमराज आङदेम्बेको हत्या गरेको अभियोगमा उनलाई प्रहरीले पक्राउ गरेको हो । वर्ण सिंहले आफ्नै घरको आँगानमा प्रेमराजलाई छुरी प्रहार हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी आङसाराङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी कैद भुक्तान गरिरहेका छन् ।

नेपालका जेलहरूमा रहेका ज्येष्ठ कैदीबन्दी मध्ये सबैभन्दा धेरै जबरजस्ती करणी घटनामा संलग्न व्यक्तिहरू रहेका छन् । त्यसपछि कर्तव्य ज्यान मुद्दा र लागुऔषध प्रयोगकर्ताका कैदीहरू रहेको कारागार व्यवस्थापन विभागले जनाएको छ ।

विभागका अनुसार, हालसम्म देशभरका कारागारमा ६० वर्ष माथीका करिब एक हजार दुई सय जना कैदी छन् । कारागारमा सजाय भुक्तान गर्नेहरू अधिकांश जबरजस्ती करणी, हत्या र लागुऔषध ओसारप्रसारमा संलग्न भएकाहरू रहेको विभागका सूचना अधिकारी बालकृष्ण कटुवाल बताउँछन् ।

देशभरका कारागारमा ४ सय ९५ जना जबरजस्ती करणी, ३ सय ४४ जनाले कर्तव्य जयानसम्बन्धी मुद्दामा कैद भुक्तान गरिरहेको उनले बताए । त्यस्तै ८८ जना लागुऔषध कारोबारमा संलग्न भएको आरोपमा कैद भुक्तान गरीरहेको उनले बताए ।

उनले भने, 'देशभरका कारगारमा जति पनि ज्येष्ठ कैदी छन्, ति सबै ६० वर्ष पार गरेर अपराधिक घटनामा संलग्न भएर कैद भुक्तान गरिरहेका छन् ।'

पछिल्लो समयमा ज्येष्ठ कैदीहरू बढ्दै गएको उनी बताउँछन् । 'त्यसमा पनि जबरजस्ती करणी र कर्तव्य जयानमा संलग्न भएर सजाय भुक्तानी गरिरहेका धेरै छन्,' उनले भने ।

ज्येष्ठ कैदीहरूलाई कैद भुक्तानमा समेत छुट रहेको उनले बताए । सर्वोच्च अदालतले कैद छुट पाउनसक्ने ६५ वर्ष नाघेका ज्येष्ठ कैदीहरूलाई सजायको छुट समेत दिएको छ । ६५ वर्षदेखि माथि उमेर ज्येष्ठ कैदीहरूलाई सजाय तोकिएको २५ प्रतिशतमात्र कैद भुक्तान गर्नुपर्ने प्रावधान रहेको छ ।

त्यस्तै ७० वर्षमाथिको ज्येष्ठ नागरिकलाई ५० प्रतिशत कैद भुक्तानको सजायमा छुट छ भने ७५ वर्षदेखि माथिका ज्येष्ठ कैदीहरूलाई ७५ प्रतिशत कैद भुक्तानीमा छुट रहेको सूचना अधिकारी पृष्ठ २ मा

# गैरआवासीय नेपालीको साझा पिरलो

## नयाँ पुस्ताको मनमा नेपाल प्रेम कसरी जगाउने ?



"अहिले पढेलेखेका युवाहरू विदेश गए भन्ने चिन्ता छ । समयमै सम्बोधन नगरे दोस्रो पुस्ताका गैरआवासीय नेपालीले नेपाल चिनेनन् वा बुझेनन् भन्ने समस्या त्यो भन्दा ठुलो हुनेछ ।"

● **दीपमाला ढकाल**
**युवा पुस्ता संयोजक**
**एनआरएनए**

**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, ३० फागुन

'जेठो छोराले नेपाली राम्रै गरी बोल्छ तर लेख्न सक्दैन । कान्छोले अलिक अप्ठ्यारो मान्दै आधाउदी नेपाली बोल्छ । तर उसको कोठामा चारै तिर पशुपति, स्वयम्भु, बौद्ध र नेपालको नक्साका तस्बिर टाँसिएको छ । हामी उनीहरूले सिकुन् भनेर घरमा नेपाली नै बोल्छौं', बेलायतका गैरआवासीय नेपाली अभियन्ता डा. हेमराज शर्माले सुनाए । शर्माका बेलायतमै हुर्केका दुई छोराहरू नेपालसँग जोडिएको महसुस गर्छन्, तर नेपाली पढ्न गाह्रो मान्छन् ।

काठमाडौंमा अहिले चलिरहेको एनआरएनएको १२औं अन्तर्राष्ट्रिय महाधिवेशनमा अध्यक्षको प्रत्यासी रहेका उनको उत्कट चाहना छ- आफ्ना सन्तानको रगतमा आफ्नो जैविक गुण जस्तै गरी सांस्कृतिक गुण पनि सर्लक्क छिरोस् । नेपाली धरातलबारे सकेसम्म बढी जानकारी राखुन् र नेपाललाई आफूले जस्तै माया गरुन् ।



बृहत् एकताका लागि भनिएको यो महाधिवेशन भड्किएको संगठनात्मक एकतालाई लयमा ल्याउने प्रयास जस्तै अर्को विषयमा पनि ऐतिहासिक हुँदैछ, त्यो हो- विदेशमा जन्मेर हुर्केका वा प्रारम्भदेखि नै त्यतै शिक्षा लिएका सन्तानलाई नेपाल चिनाउने, बुझाउने र उनीहरूको मनमा नेपालका लागि केही गर्नुपर्छ भन्ने भावनाको विजारोपण गरिदिने संयन्त्रको निर्माण ।

यो संयन्त्रमार्फत नयाँ पुस्तामा नेपालीप्रति अपनत्वको भावना जगाउने र हुर्कँदै जाँदा उनीहरूको नेपाल कनेक्सन गाढा र गहिरो बनाउँदै नेपालको हितमा कुनै न कुनै ढंगले संलग्न गराउने कामको नेतृत्व गर्ने लक्ष्य छ । सबैभन्दा ठुलो लक्ष्य, नेपालीपन र नेपालीत्वलाई पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# श्रम स्वीकृति नवीकरण रोकिँदा छुट्टीमा आएकाहरू समस्यामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० फागुन

अमेरिका र इजरायलले इरानमाथि क्षेप्यास्त्र आक्रमण गरेपछि असुरक्षाको कारण देखाउँदै नेपाल सरकारले श्रम स्वीकृति रोकेको दुई हप्ता पुगेको छ । इरानमा अमेरिकी आक्रमणपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीको निर्देशनमा वैदेशिक रोजगार विभागले फागुन १७ गतेदेखि संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति रोकेको हो ।


सरकारले मध्यपूर्वमा सुनौला दिनको सुरुवात भएपछि मात्रै नेपाली कामदार पठाउने नीति लिएको देखिन्छ । श्रम स्वीकृति पाएकाहरू विमानस्थलमा अलपत्र परेको र उताबाट उद्धारको अवस्था नदेखिएपछि कामदार पठाउन नहुने विभागको भनाइ पृष्ठ २ मा

## युएईमा जथाभाबी पोस्ट गर्ने नेपालीसहित ४५ जना पक्राउ

**काठमाडौं/मस-** खाडीका देशहरूमा इरानी हमलाका तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा पोस्ट गरेको भन्दै संयुक्त अरब इमिरेट्स (युएई) को अबुधाबीमा एक जना नेपालीसहित ४५ जना विदेशी पक्राउ परेका छन् । युएई, कतार, कुवेत, बाहराइन, साउदी अरेबियाका पृष्ठ २ मा



# मनकामनाबाट फर्किएको माइक्रो दुर्घटना, ७ जनाको मृत्यु



**गोरखा/मस–** गोरखाको सहिदलखन गाउँपालिका-३ कानटारमा विद्युतीय माइक्रोबस दुर्घटनामा मृत्यु हुनेको संख्या सात पुगेको छ ।

मनकामना मन्दिर दर्शन गरेर फर्कंदै गरेको बाप्र०१-००६ ख ८४३० नम्बरको माइक्रोबस शनिबार राति करिब ८ बजे दुर्घटनामा परेको थियो ।

दुर्घटनामा सात जनाको मृत्यु भएकामा तीमध्ये पाँच पुरुष र दुई जना महिला रहेका जिल्ला प्रहरी कार्यालय गोरखाका प्रमुख प्रहरी उपरीक्षक भरतबहादुर विकले जानकारी दिए ।

उनले माइक्रोबसमा सवार १४ जनामध्ये सात जनाको घटनास्थलमा नै मृत्यु भएको र अन्य सात जना घाइते भएको बताए ।

घाइते सबैको उद्धार गरी उपचारका लागि तनहुँको आँबुखैरेनी अस्पतालमा पठाइएको छ ।

वडा नं ३ का अध्यक्ष दीपक पाण्डेका अनुसार माइक्रोबस सडकबाट करिब २०० मिटर तल खसेको थियो । दुर्घटनामा घाइते भएका सात जनाको उद्धार गरिएकामा चालक सकुशल रहेका र सहचालक घाइते भएका उनले बताए ।

# आजबाट वर्षा पश्चिमतिर विस्तार हुने



**काठमाडौं/मस–** पछिल्लो तीन दिनदेखि नेपालको गण्डकीदेखि कोशीसम्म वर्षा भइरहेकामा आइतबारदेखि भने पश्चिम नेपालसम्म वर्षा विस्तार हुने भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार हाल नेपालमा पश्चिमी न्यून चापीय प्रणालीको आंशिक प्रभाव रहेको र पूर्वकेन्द्रित भएको वर्षा भोलिदेखि प्रणालीको विकास भई पश्चिममा समेत विस्तार हुनेछ ।

विभागका मौसमविद् रोजन लामिछानेले अबको तीन दिन मुलुकभर मौसम बदली रहेको जानकारी दिए । उनका अनुसार बिहान खुलेजस्तो भए पनि विस्तारै दिउँसोदेखि मौसम बदली बढ्दै वर्षा हुनेछ । आइतबारदेखि भने पश्चिममा अर्को प्रणाली पनि विकास हुने उनले जानकारी दिए ।

उच्च चापीय प्रणाली कमजोर हुने र न्यून चापीय प्रणालीका साथै पश्चिमी न्यून चापीय प्रणालीसमेत जोडिएर बदली गराउने मौसमविद् लामिछानेले जानकारी दिए । यसले हावाहुरी, चट्याङ र असिना पानी गराउने मौसमविद्ले बताएका छन् । कतैकतै भारी वर्षा पनि गराउने छ ।


शनिबार कतैकतै वर्षा भएको छ । विभागमा भएको तथ्यांक तथा वर्षा मापनको विवरणअनुसार पछिल्लो २४ घण्टामा सङ्खुवासभामा मात्रै भारी (५२ दशमलव दुई मिलिमिटर) वर्षा भएको छ । अन्य केही जिल्लामा मध्यमसम्म वर्षा र कतैकतै असिना पनि परेको विभागले जनाएको छ ।

विभागले शनिबार साँझ जारी गरेको मौसम बुलेटिनअनुसार शनिबार राति देशको हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने, हिमाली भू-भागका थोरै स्थानमा मध्यम हिमपातको सम्भावना रहेको छ । त्यस्तै कोशी, बागमती, गण्डकी प्रदेशका पहाडी भू-भागका थोरै स्थान तथा बाँकी प्रदेशका पहाडी भू-भागका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको मौसमविद् लामिछानेले जानकारी दिए ।

आइतबार लुम्बिनी, कर्णाली सुदूरपश्चिम प्रदेशलगायत बाँकी प्रदेशका पहाडी र हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ । देशका हिमाली भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यम वर्षा/हिमपातको सम्भावना रहेको पनि विभागले जनाएको छ ।

कोशी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका केही स्थानमा तथा बाँकी प्रदेशका पहाडी भू-भागका थोरै स्थानमा, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको विभागले जानकारी दिएको छ ।

# प्रतिनिधिसभा सदस्य निर्वाचनमा ४.७ प्रतिशत मत बदर




**काठमाडौं/मस–** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा चार दशमलव सात प्रतिशत मत बदर भएको निर्वाचन आयोगले जनाएको छ । आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार पहिलो हुने निर्वाचित हुने र समानुपातिक दुवै निर्वाचन प्रणलीमा उक्त परिमाणमा मद बदर भएको हो ।

उनका अनुसार २०७९ मंसिरमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बदर मत प्रतिशत ५.०६ प्रतिशत थियो भने २०७४ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा बदर मतको प्रतिशत ५.१८ प्रतिशत थियो ।

२०७० मंसिर ४ गते सम्पन्न दोस्रो संविधानसभा सदस्य निर्वाचनमा ४.९६ प्रतिशत मत बदर भएको थियो । यसैगरी २०६४ साल चैत २८ गते सम्पन्न संविधानसभाको पहिलो निर्वाचनमा भने ५.१५ प्रतिशत आयोगका अनुसार विगतका पाँच वटा निर्वाचनको तुलनामा यसपटक औसतमा कम मत बदर भएको छ ।

## एमालेमा...

नेता सुरेन्द्र पण्डेले जनताले मतपत्रबाटै अस्वीकारको कठोर फैसला सुनाइसकेको अवस्थामा आफ्ना कार्यकर्तालाई सत्य बोलेको आधारमा कारबाही गर्ने नैतिक आधार नेतृत्वसँग नरहेको टिप्पणी गरेका छन् ।

‘एमालेको पूर्नसंरचना र कार्यशैली रिसेट गर्नुपर्ने बेला आइसकेको छ’ उनले भनेका छन्, ‘यस्तो गम्भीर मोडमा पनि सबै ठीक थियो, हामीलाई त फसाइयो भन्ने निष्कर्ष निकाल्नु आफैंलाई धोका दिनु हो । ४०-५० हजारको मतान्तरलाई फसाइएको भनेर व्याख्या गर्नु जनताको विवेकको अपमान हो ।’

यसअघि एमाले उपमहासचिव योगेश भट्टराईले पार्टी नेतृत्वमाथि समेत समीक्षा हुनुपर्ने बताएका थिए । त्यसको प्रतिवाद समेत एमाले पंक्तिबाटै भइरहेको छ । एमाले महासचिव शंकर पोखरेल नै भट्टराईमाथि खनिएपछि आन्तरिक किचलो थप छताछुल्ल भएको छ ।

तर, एमाले नेता विष्णु रिमालले नेकपा एमालेका लागि यो चुनाव अन्तिम नभएको बताए । उनले भने, ‘पार्टीमा समीक्षा हुनु जायज हो तर, एमालेका लागि यो चुनाव अन्तिम होईन । एउटा लडाईमा भएको हार समग्र युद्धमा हुँदैन् । एमाले फेरि पनि धुलो टकटक्याउँदै दृढताकासाथ उठ्ने छ ।’ चुनावी परिणामको जस वा अपजस एउटा नेताले मात्रै नभई सिंगो एमाले पक्तिले लिनुपर्ने रिमालको भनाई छ ।

रूपन्देही २ बाट उम्मेदवार रहेका एमाले उपाध्यक्ष विष्णु पौडेलले पनि देशभरको निर्वाचनको परिणाम आएपछि पार्टीले गहिरो गरी आत्मसमीक्षा गर्ने बताए । पौडेलले भने, ‘अब हामी राष्ट्र र जनताको भावना अनुसार पार्टीको नेतृत्व, नीति र कार्य सम्पादनका तरिकाबारे छिटै उपयुक्त निर्णय गर्नेछौं ।’

पौडेलले निर्वाचनमा पार्टीले व्यहोरेको हारमा आफूसहित शीर्ष पदाधिकारीले नैतिक जिम्मेवारी लिनुपर्ने उनको तर्क छ । ‘पार्टीको नराम्रो पराजयपछि देशभरबाट नेता कार्यकर्ता, बुद्धिजिवी र जिम्मेवार मिडियाले दिएको सुझावलाई आत्मसाथ गरेर पार्टी अघि बढ्नुको विकल्प छैन्’, पौडेलले भने ।

पौडेलले पार्टी नेतृत्वले राजीनामा दिनुपर्ने आवाज चौतर्फीरुपमा उठेको समेत संकेत गरेका छन । २०६४ को पहिलो संविधान सभा चुनाव सहित त्यसयताका सबै चुनाव सहजै जित्दै आएका पौडेल यो पटक नमीठो पराजय व्यहोरेपछि पार्टीमा नयाँ ढंगले अघि बढ्नुपर्ने पक्षमा छन् । उनी पार्टी नेतृत्वले नै विश्राम लिनुपर्ने पक्षमा देखिएका छन् ।

तर, पार्टी अध्यक्ष केपी शर्मा ओली पक्षका नेताहरूले भने अहिले नै पार्टी नेतृत्वमाथि सबै खनिने भन्दा आ-आफ्नो निर्वाचन क्षेत्रको मत कसरी जोगाउन सकिएन भन्ने तहबाट समीक्षा जरुरी रहेको बताउँछन् ।

एमाले सचिव महेश बस्नेतले पार्टीको हार अनपेक्षित भएको भन्दै यसको जिम्मेवारी सबै तहका नेता कार्यकर्ताले लिनुपर्ने बताए । उनले भने, ‘ एमालेले अहिलेको परिस्थितीमा अनपेक्षित हार ब्यहोरेको छ । यसको जिम्मा सबै तहको नेतृत्वमा रहेका हामी सबैले लिने र सबै कमरेडहरू एकजुट भएर आगामी यात्रामा निस्कनुपर्छ । अहिले पार्टी नेतृत्वकै कारण यो परिणाम आएको हो भन्ने अवस्था छैन् ।’ एमाले नयाँ पुस्ताका नेताहरूलाई पार्टीको एजेण्डामा समेट्न नसकेको बताएका छन् । नेता प्रदीप ज्ञवालीले निर्वाचन अघि एमालेले नयाँ पुस्तासँग संवाद गर्न नसक्नु र उनीहरूलाई पार्टीप्रति विश्वास स्थापित गर्न नसक्नु पार्टी पराजयको कारण भनेका छन् ।

उनले सामाजिक सञ्जालमार्फत लेखेका छन्, ‘ नयाँ पुस्तासँग हाम्रो संवाद हुन सकेन, विश्वास स्थापित हुन सकेन । यस कुराको परीक्षण हुन, भ्रमको तुवाँलो हट्न र सत्य स्थापित हुन समय लाग्ने भयो । हामीले धैर्य गर्नुपर्छ । तर धैर्य मात्रै गरेर पुग्दैन । सत्य स्थापित गर्न कष्टसाध्य प्रयत्न गरिरहनु पर्छ । त्यतिञ्जेल हामी अडिइरहन सक्नु पर्छ ।’

## जबरजस्ती...

कटवालले बताए । कारागारमा रहेका ज्येष्ठ नागरिकहरुलाई बिरामी परेमा स्वास्थ्य उपचारमा समेत व्यवस्था रहेको उनले जानकारी गराए । विभागका अनुसार देशभर करिब ३० हजार कैदीहरु छन् ।

## सामाजिक...

चरम अवसरवादी पात्र नभएको उनले सामाजिक सञ्जालमै लेखे । बास्कोटाले तामाङलाई आफ्नो र श्रीमतीको पद प्राप्तिका लागि गुट बदल्ने मात्र होइन, पटक-पटक पार्टी नै फुटाउन समेत पछि नपर्ने चरम अवसरवादी पात्रको संज्ञा दिए ।

‘भन्न मन थिएन तर मेरो मत मैले राखेबापत उनको कोदोवारी फाँडेसरह शेरबहादुर तामाङजी ममाथि सार्वजनिक रूपमा जाई लगेछन्,’ बास्कोटाले लेखेका छन्, ‘म तपाईंजस्तो फगत आफ्नो र श्रीमतीको पद प्राप्तिका लागि गुट बदल्ने मात्र होइन,पटक-पटक पार्टी नै फुटाउन समेत पछि नपर्ने चरम अवसरवादी पात्र होइन । ०३८ यताका ईतिहास हेरौं न ।’

यसअघि शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा एमाले नेता तामाङले आफ्नो निर्वाचन क्षेत्रसमेत जोगाउन नसक्ने नेताहरूले अध्यक्ष केपी ओलीलाई दोष देखाएर उम्किन नमिल्ने बताएका थिए ।

## एमालेले...

कंडेल रहेका छन् । थारु क्लष्टरबाट कृपाराम राणा दलिततर्फ विष्णुमाया बी.के.र नीता घटानीलाई सिफरिस गरेको छ भने मधेसीतर्फ रिङ्ला यादव, यशोधा कुमारी यादव, चन्द्रेश्वर मण्डललाई पठाएको छ । मुस्लिमतर्फ साजिदा सिद्दीकीलाई सांसद बनाएको छ ।

## जबरजस्ती...

कटवालले बताए । कारागारमा रहेका ज्येष्ठ नागरिकहरुलाई बिरामी परेमा स्वास्थ्य उपचारमा समेत व्यवस्था रहेको उनले जानकारी गराए । विभागका अनुसार देशभर करिब ३० हजार कैदीहरु छन् ।

## गैरआवासीय...

पुस्तौं पुस्तासम्म अहिलेका एनआरएनए जस्तै गरी कायम राख्ने । यसका लागि एनआएनए संगठन मै दोस्रो पुस्ताको संरचना राखिएको छ । हंडकडमै जन्मे हुर्केर त्यहीको सौन्दर्य प्रतियोगिता जितेकी नयाँ पुस्ताकी एनआरएन दीपमाला ढकाललाई दोस्रो पुस्ताको एनआरएनए संयोजन गर्ने जिम्मा दिइएको छ ।

यसो गर्नुको मुख्य कारण उहीँ जन्मेका पुस्ताले नेपालसँगको नाता नबिर्सिउन् भन्ने नै हो । पहिलो र दोस्रो विश्वयुद्धमा नेपाल बाहिर गएर बर्मा, थाइल्याण्ड, मलेशिया र फिजी लगायत विश्वका अनेका ठाउँमा छोडिएका नेपालीहरुको पाँचौं पुस्ताबारे कमैले ध्यान दिने गरेको शर्मा बताउँछन् । ‘तिनीहरुले न नेपाली भाषा विर्षेका छन् न त सँस्कृति । बरु हामी बोल्दा धेरै शब्द अंग्रेजी मिसाएर बोल्छौं , उनीहरुको नेपाली शुद्ध छ’, उनको भनाई छ ।

तर युरोप अमेरिका आदि समुद्रपारका देशमा जन्मिएका नेपालीहरुको अवस्था फरक छ । ठोस काम नगरे प्रारम्भिक शिक्षा देखि सबै कुरा उतैको देखे सुनेका दोस्रो पुस्ताका गैर आवासीय नेपाली सन्तानलाई नेपाली सँस्कृति सिकाउने र नेपालप्रतिको माया जगाउन कठिन छ भन्ने कुराको आभास हुन थालेपछि संस्थागत रुपमै यसलाई अघि बढाउन खोजिएको शर्मा बताउँछन् ।

सन् २००३ मा उपेन्द्र महतोहरुले गैरआवसीय नेपालको अभियान सुरु गर्दा विदेशमा सबै जसो नेपाल मै जन्मे हुर्केर अवसरको खोजीमा विदेश पुगेकाहरू मात्र थिए । त्यतिबेला खासै नसोचिएको यो विषय २३ वर्ष यता आउँदा सबैले ध्यान दिनुपर्ने अवस्थामा पुगेको छ । ‘विदेशमा नेपाली समुदायले नेपाली भाषा सिकाउन कक्षाहरु चलाईरहका छन् । ‘दशैं तिहार चाड पर्व पुरा समय दिएर र त्यहीँ जन्मेका नेपालीले राम्रोसँग बुझ्नु भन्ने उद्देश्यका साथ मनाउने गरिएको छ’, शर्माले थपे ।

सकेसम्मका प्रयास गर्दा पनि नयाँ पुस्तालाई नेपाली माटोसँग आवश्यक मात्रामा जोड्न नसकिएको अनुभूति गरिएको शर्मा बताउँछन् । यसका लागि नयाँ पुस्ताका एनआरएनसँग सम्पर्क र समन्वय गर्न संयन्त्र स्थापना गर्न खोजिएको भनाई पनि उनको छ ।

ढकालको संयोजनमा बनेको समितिलाई विदेशमै जन्मिएका गैर आवासीय नेपालीहरुको पहिचान गर्ने, अभिलेख राख्ने र उनीहरुलाई नेपालसँग जोडने बाटाहरुको पहिचान गर्ने अधिकार दिइएको छ । यसक्रममा त्यो पुस्ताले भोगिरहेको समस्याको समेत पहिचान गरी समाधानका रणनीतिहरु बताउने ध्येय पनि एनआरएनए अन्तर्राष्ट्रिय समितिको छ ।

‘जसरी हामी पहिलो पुस्ताका गैरआवासीय नेपालीहरूको सञ्जाल बनेको छ, त्यसै गरी उहीँ जन्मेका पुस्ताको पनि सञ्जाल बनोस् भन्ने चाहन्छौं’, उनले भने । नयाँ पुस्ताका एनआरएनहरु शिक्षा, खेलकुद वा साँस्कृतिक निश्चित अवधिको कार्यक्रम लिएर नेपाल ल्याउने योजना बनेको जानकारी पनि उनले दिए ।

‘जब उनीहरुलाई भेटछौं, उनीहरुलाई नेपालमा कस्तो वातावरण चाहिन्छ भन्ने कुरा उनैले भन्नेछन्’ उनको भनाई छ ।

नयाँ पुस्ताको संयोजनको जिम्मा पाएकी दीपमाला ढकाल इन्जिनियरिङ गर्न चिन पुगेका र फर्किदा हङकङको भव्यता र त्यहाँ अवसर देखेर त्यतै रमेका अविभावकबाट विदेशमै जन्मिकी हुन् । यो वर्षको मिस नेपाल हङकङ इन्टरनेसनलको उपाधी जितेकी ढकाल प्रत्येक पटक नेपाल आउँदा आफू नेपाली माटोप्रतिको प्रेम थप गाढा हुने गरेको बताउँछिन् । ‘उतै जन्मेको म नेपाल आउँदा सबै जना आफू जस्तै रहेछन् भन्ने लाग्थ्यो । पछि जति बुझ्दै आएँ त्यति नै मेरो सबै कुराको मुहान न नेपाल मै रहेछ भन्ने महसुस भयो । अहिले मलाई आफ्नो पुस्ताका साथीहरुसँग मिलेर नेपालका लागि केही गरौं भन्ने छ’, मध्यान्ह सँग कुरा गर्दै उनले भनिन् ।

‘अहिले पढेलेखेका युवाहरु विदेश गएको समस्या छ । समयमै सम्बोधन नगरे दोस्रो पुस्ताका गैरआवासीय नेपालीले नेपाल चिनेनन् वा बुझ्नेनन् वा चिनेनन् भन्ने समस्या त्यो भन्दा ठूलो हुँदैछ’, दीपमालाको निश्कर्ष छ । यसलाई आफूहरुले सम्बोधन गर्न थालेको बताउँदै उनी भन्छिन्, संसारका ९० देशमा नेपाली फैलिएका छन् सबै देशका दोस्रो पुस्ताका एनआरएनको परिस्थित र अवस्था फरक फरक छ यसैलाई संयोजन गर्नु अहिलेको मुख्य चुनैति हो‘

एनआरएनएका अध्यक्ष बद्री केसीकी छोरी समिरा केसी दोस्रो पुस्ताका गैरआवासिय नेपालीमा नेपाली सँस्कृति छिराउन साँस्कृतिक कार्यक्रम, नियमित भेटघाट र आबद्धता लगायतका थुपै उपाय अपनाउन सकिने बताउँछिन् । आफू बेलायतमा हुर्किंदा नेपालीहरुको चाडपर्व आदिले धेरै कुरा सिकाउने गरेको उनको अनुभव छ ।

## श्रम...

छ । तर हाल युएईमा कार्यरत नेपालीहरूले संस्थागत रूपमा जाने नयाँ कामदारको श्रम स्वीकृति रोक्नु एक हदसम्म सही भए पनि बिदामा घर आएका कामदारको श्रम स्वीकृति रोक्नु तर्कसंगत नभएको बताएका छन् ।

मध्यपूर्व तथा खाडी क्षेत्रमा रहेका साउदी अरेबिया, युएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलसमेतका देशहरूमा त्यहाँको जनजीवन सञ्चालन गर्न आप्रवासी कामदारको विकल्प छैन । हाल सुपरमार्केट, बजारलगायतका क्षेत्रमा नियमित रूपमा काम भइरहेको छ । नेपाली कामदार नगएको अवस्थामा रोजगारदाताहरूले आफू अनुकूल देशबाट कामदार भित्र्याउने युएईमा कार्यरत नेपालीहरूको भनाइ छ । उनीहरूले वैदेशिक रोजगारीका लागि प्रदान गरिने पुनः श्रम स्वीकृति लामो समयदेखि रोकिएको अवस्थामा धेरै नेपालीले आर्थिक क्षति व्यहोर्नुपर्ने बताएका छन् ।

अधिकांश कामदार बिदा सकिनासाथ काममा फर्किने करार गरेर घर आएका हुन्छन् । उनीहरू निर्धारित समयमा नफर्केको अवस्थामा कम्पनीको तर्फबाट पाउने सेवा-सुविधाबाट समेत हात धुनुपर्ने अवस्था आउने भन्दै कतिपयले चिन्ता व्यक्त गरेका छन् ।

विगतमा कोरोना महामारीको समयमा हतारहतार घर फर्केका धेरै नेपालीको तलब तथा सेवा-सुविधाको रकम कम्पनीमै छुटेको थियो । केही कम्पनीले कामदारलाई उक्त रकम दिए पनि अधिकांशले दिएनन् । कोरोनाकालमा कामदारको छुटेको रकम नपाएको घटना ‘ज्याला चोरी’ शब्दावलीमा अन्तर्राष्ट्रिय अभियानको विषय बनेको थियो ।

विभागले विभाग र विभागअन्तर्गतका कुनै पनि निकायहरूबाट अर्को सूचना जारी नभएसम्मका लागि श्रम स्वीकृति स्थगन गरिएको जनाएको छ । तर दुई हप्ताको अवधिमा घटनाक्रममा के परिवर्तन भयो, वा छुट्टीको समय सकिएकाहरूको कानुनी अवस्था के हुनेछ भन्ने विषयमा सार्वजनिक जानकारी नदिइएकाले आफूहरू अलमल र अन्योलमा परेको हाल उडानको प्रतीक्षामा रहेकाहरूको भनाइ छ । उनीहरूले आफ्नो गुनासो श्रम मन्त्रालयका सचिवदेखि उच्च अधिकारीहरूसम्म पुऱ्याए पनि जवाफ नपाएको बताएका छन् ।

## युएईमा...

विभिन्न क्षेत्र इरानको ड्रोन तथा क्षेप्यास्त्रको निसानामा परिरहेका छन् । मानिसहरूमा चिन्ता पैदा हुने किसिमका भ्रामक सूचना फैलाएको आरोप उनीहरूमाथि लगाइएको छ ।

युएई अधिकारीहरूले पुष्टि नभएका तथा आधिकारिक स्रोतबाट प्रेषित नगरिएका सूचना तथा सामग्री प्रकाशन नगर्न चेतावनी दिँदै आएका छन् ।

यसैबीच कतारको राजधानी दोहास्थित नेपाली राजदूतावासले साउदी अरेबियाका विमानस्थल हुँदै नेपाल यात्रा गर्नुअघि आवश्यक भिसा प्रक्रिया पूरा गर्न आग्रह गरेको छ ।

नेपाली दूतावासले साउदी अरेबियाको विमानस्थल प्रयोग गरी नेपाल जान चाहने कतारमा वैध आवासीय अनुमति (कतार आइडी) भएका नेपाली नागरिकहरूले अनिवार्य रूपमा साउदी पर्यटक भिसा आवेदन दिनुपर्ने बताएको छ । साउदी पर्यटक भिसा आवेदन दोहास्थित तासिर साउदी भिसा सेवा केन्द्रमार्फत दिन सकिने र सो सेवा केन्द्र अल घराफास्थित एजदान मल राय्यानमा रहेको बताइएको छ ।

**Durgathali Rural Municipality**
**Office Of Rural Municipality**
**Chaudhari, Bajhang**
**Sudurpashim Province, Nepal**

**Invitation For Bid**

**Second Date of Publication :- 15-03-2026**

**Durgathali Rural Municipality, Office of the Rural Municipality Executive, Chaudhari Bajhang** invites open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in the table below.

| S. N. | Contract Id | Name of project And Location | Bid Security Amount NRS | Bid Document Fee NRS | Total Estimated Amount (Excluding VAT Including PS) | Last Date of bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | 3/GOODS/SQ/ DRM/2082/083 | Supply and Delivery of Education Quality Improvement Programme Durgathali Rural Municipality -01 Chaudhari Bajhang | 43,200/- | 1,000/- | 17,27,800 | 29-03 -2026 |

Note:- For More Details Please visit PPMO Web site WWW.bolpatra.gov.np//egp

**Chief Administrative Officer**



झापाको बिर्तामोडस्थित ग्याँस पसलबाट भरिएका सिलिन्डर लिएर घर फर्कँदै ग्राहक । बजारमा ग्यासको अभाव देखिन थालेपछि ग्याँस पसलमा ग्राहकको घुइँचो लाग्न थालेको छ ।
तस्बिर : राजकुमार ओली/रासस

# लगानी बढाउन सरकार, एनआरएनए र निजी क्षेत्रबीच सहकार्य आवश्यक



**काठमाडौं/मस–** गैरआवासीय नेपाली संघ (एनआरएनए) को १२ औँ विश्व सम्मेलनमा नेपालमा लगानीको वातावरण अनुकूल बनेको भन्दै जलविद्युत्, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रमा लगानी बढाउन आह्वान गरिएको छ । शनिबार यहाँ कार्यक्रममा सहभागी उद्यमी तथा विज्ञहरूले नीतिगत स्थायित्व, विश्वासको वातावरण र संस्थागत संयन्त्र निर्माण गर्न सके प्रवासी नेपालीको लगानी बढ्न सक्ने धारणा राखेका छन् ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालमा लगानीको विश्वस्त आधार बनाउँदै सरकार, एनआरएनए र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको धारणा राखे । विगतमा अस्थिर सरकारका कारण नीतिगत एकरूपतामा केही समस्या रहे पनि अब करिब दुई तिहाइसहितको सरकार आउन लागेकाले लगानीकर्तामा आत्मविश्वास जगाउन सबै एकजुट हुनुपर्ने भन्दै उनले लगानी सहजीकरण गर्न बोर्ड प्रतिबद्ध रहेको बताए ।

नेपाल राष्ट्र बैंक अनुसन्धान विभागका कार्यकारी निर्देशक रामशरण खरेलले विदेशमा रहेका करिब ८० लाख नेपालीलाई नेपालको दीर्घकालीन आर्थिक विकासमा जोड्ने विषयमा सोच्नुपर्ने बताए । उनले लगानीका लागि सुरक्षित वातावरण, बजार र विश्वासको आधार तयार गर्नुपर्नेमा जोड दिए । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा अब राजनीतिक स्थिरताको वातावरण बनेकाले प्रवासी नेपालीसँग सहकार्य गरेर नीतिगत सुधारमार्फत लगानी भित्र्याउन निजी क्षेत्र तयार रहेको बताए ।

नेपाल उद्योग परिसंघका उपाध्यक्ष हेमराज ढकालले नेपालको अर्थतन्त्रलाई १ सय बिलियन डलरको बनाउन एनआरएनको लगानी महत्वपूर्ण हुने धारणा राखे । चेम्बर अफ कमर्सका उपाध्यक्ष दीपक मल्होत्राले नीतिगत स्थायित्व, लगानी र विश्वासमा जोड दिँदै गैरआवासीय लगानीका लागि संस्थागत संयन्त्र आवश्यक भएको धारणा राखे ।

एनआरएनएका संस्थापक अध्यक्ष उपेन्द्र महतोले भावी पुस्ताको भविष्यलाई ध्यानमा राख्दै नेपालमा लगानी गर्न आग्रह गरे । यसैबीच, सम्मेलनअन्तर्गत आयोजित 'दोस्रो पुस्ताका युवा र सांस्कृतिक उत्तरदायित्व' सत्रमा वरिष्ठ संस्कृतिविद् डा जगमान गुरुङले संस्कृतिको संरक्षण पुस्तान्तरणबाट हुने भन्दै प्रवासमा रहेका नेपालीका सन्ततिलाई संस्कृति र भाषासँग जोड्नुपर्ने बताए ।

संस्कृतिविद् प्राडा वीणा पौडेलले भाषा, कला र चाडपर्वमार्फत संस्कृति जोगाउन सकिने उल्लेख गरे । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले प्रवासमा रहेका दोस्रो पुस्तालाई नेपालसँग जोड्न सांस्कृतिक पर्यटन प्रवर्धन आवश्यक रहेको बताए । एनआरएनएका उपाध्यक्ष डा हेमराज शर्माले युवालाई नेपालसँग जोड्न भाषा शिक्षा, सांस्कृतिक कार्यक्रम र खेलकुदजस्ता गतिविधि उपयोगी हुने धारणा राखे ।

कार्यक्रममा विभिन्न वक्ताले प्रवासी नेपालीको लगानी, सीप र ज्ञानलाई नेपालको आर्थिक विकाससँग जोड्न नीतिगत सुधार र सहकार्य आवश्यक रहेकामा जोड दिएका थिए ।

# सभापति पद नछाड्न थापालाई कांग्रेसका ३५ केन्द्रीय सदस्यको आग्रह



**काठमाडौं/मस–**नेपाली कांग्रेसका केन्द्रीय समितिका करिब ३५ नेताले पार्टी सभापति गगनकुमार थापालाई भेटेर नेतृत्वबाट राजीनामा नदिन आग्रह गरेका छन्।

सहमहामन्त्री प्रकाश रसाइली 'स्नेही'को नेतृत्वमा सभापति थापासँग भेटघाट गर्न पुगेका नेताहरूले वर्तमान अवस्थामा नेतृत्वबाट पछि नहट्न अनुरोध गरेको बताइएको छ । उनीहरूले पार्टीको नेतृत्व निरन्तरता आवश्यक रहेको भन्दै सभापतिलाई पदमै रहन सुझाव दिएका हुन् ।

सभापति थापासँग भेट गर्न जाने नेताहरूमा जनकराज गिरी, मधु आचार्य, अजयबाबु शिवाकोटी, प्रमोद गुरागाईं, प्रदीप शर्मा, गंगा सुनार, विष्णु पाण्डे, सीता मिजार लगायत केन्द्रीय समितिका अन्य सदस्यहरू पनि सहभागी रहेको जानकारी दिइएको छ ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा आफू तथा पार्टीले अपेक्षाकृत कमजोर नतिजा प्राप्त गरेको भन्दै सभापति थापा पदबाट अलग हुने सोचमा पुगेको चर्चा चलिरहेकै बीच ती नेताहरूले उनलाई राजीनामा नदिन आग्रह गरेका हुन् ।

यसअघि पनि पार्टीका उपसभापति विश्वप्रकाश शर्माले वर्तमान परिस्थितिमा सभापति पदबाट राजीनामा दिनु उपयुक्त नहुने सुझाव दिएको उल्लेख गरिएको छ ।

# प्राधिकरणको केन्द्रीय 'वर्कसप'ले गऱ्यो नौ सय ट्रान्सफर्मर मर्मत



**बागमती/मस–** कर्मचारी अभावका बाबजुद मकवानपुरको हेटौंडास्थित नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय 'वर्कसप'ले चालु आर्थिक वर्षको सात महिनामा नौ सय ट्रान्सफर्मर मर्मत गरेको छ । कार्यालय प्रमुख इन्जिनियर राजकुमार श्रेष्ठका अनुसार चालु आव २०८२/८३ को साउनदेखि हालसम्म वर्कसपमा विभिन्न जिल्लाबाट बिग्रिएर आएका ती ट्रान्सफर्मर मर्मत गरी फिर्ता पठाइएको हो ।

गत आव २०८१/८२ मा एक हजार नौ सय ५० थान ट्रान्सफर्मर मर्मत गरेको सो वर्कसपले चालु आवमा एक हजार ५ सय को हाराहारीमा ट्रान्सफर्मर मर्मत गर्ने लक्ष्य लिएको प्रमुख श्रेष्ठले बताए ।

'हामीसँग चाहिने जति जनशक्ति छैन, केही समय ट्रान्सफर्मरमा प्रयोग हुने तेल र तामाको मूल्य बढेर आपूर्तिका लागि 'टेन्डर' हुन नसक्दा मर्मतको काम रोकियो', उनले भने, 'पछिल्लो दुई महिनादेखि ट्रान्सफर्मर मर्मतको काम भइरहेको छ । लक्ष्य भेटाउने गरी काम गर्छौं ।'

उक्त वर्कसपले मधेस प्रदेश, गण्डकीका सबै जिल्ला तथा बाग्मती प्रदेशका मकवानपुर, चितवन, सिन्धुली जिल्लामा जडान भएका ट्रान्सफर्मर मर्मत गर्दै आएको छ । कुल ४९ जना जनशक्तिको दरबन्दी रहेको वर्कसपमा हाल २९ जना स्थायी, १५ जना ज्यालादारी र आठ जना करारका कर्मचारी कार्यरत छन् ।

प्रमुख श्रेष्ठका अनुसार कार्यालयमा माथिल्लो तहको जनशक्ति भए पनि हेल्पर, जुनियर हेल्परको अभाव छ । 'ट्रान्सफर्मर खोल्न र लगाउन हेल्पर र जुनियर हेल्पर आवश्यक हुन्छ, ती कर्मचारी हामीसँग तीन जना मात्रै छन्, त्यसैले काम गर्न समस्या भइरहेको छ ।' ट्रान्सफर्मर मर्मतको संख्या र दायित्व बढे पनि पुरानै दरबन्दीअनुसार जनशक्ति व्यवस्थापन हुँदा सोचेअनुसार काम गर्न समस्या रहेको उनले बताए । जनशक्ति व्यवस्थापनका लागि केन्द्रमा पटक पटक पत्राचार गरे पनि खासै उपलब्धि नभएको श्रेष्ठको भनाइ छ ।

उनका अनसार हाल यहाँ महिनामा एक सय ५० देखि दुई सयसम्म ट्रान्सफर्मर मर्मत भइरहेका छन् । 'मुलुकमा खाना पकाउने ग्यासको अभाव भइरहेको छ, यस्तो अवस्थामा विद्युतीय चुलोको प्रयोग बढ्न सक्छ र गर्मी पनि बढ्ने भएकाले अत्यधिक संख्यामा ट्रान्सफर्मर बिग्रिन सक्ने सम्भावना छ', प्रमुख श्रेष्ठले भने, 'जनशक्ति नबढाइए समयमा ट्रान्सफर्मर गर्न कठिनाइ हुनसक्छ, यसमा केन्द्रको ध्यानाकर्षण गराइरहेका छौं ।'

# चाँदी नदीमा अवैध दोहनको पराकाष्ठा सरोकारवाला मौन, बस्ती जोखिममा

**मध्यान्ह संवाददाता**
रौतहट, ३० फागुन

रौतहटको उत्तरी भेगस्थित चन्द्रपुर नगरपालिका वडा नम्बर ३ गैँडाटार भएर बग्ने चाँदी नदीमा पछिल्लो समय नदीजन्य सामग्रीको अवैध उत्खनन र चोरी निकासी तीव्र बनेको छ । प्राकृतिक सम्पदाको यसरी चरम दोहन भइरहँदा पनि सम्बन्धित निकायहरू भने मौन बसेको भन्दै स्थानीयस्तरमा व्यापक जनगुनासो चुलिएको हो ।

स्थानीयका अनुसार मापदण्डविपरीत ठूला मेसिन र औजार प्रयोग गरेर ढुंगा गिट्टी र बालुवा उत्खनन गर्ने कार्य रातदिन जारी छ । वातावरणीय प्रभाव मूल्याङ्कन बिना नै वा तोकिएको मापदण्डभन्दा धेरै गहिराइमा पुगेर उत्खनन गर्दा नदीको प्राकृतिक बहाव परिवर्तन हुने र वर्षायाममा ठूलो बाढीको जोखिम निम्तिने खतरा बढेको छ ।

गैँडाटारका एक स्थानीय भन्छन्, 'हाम्रै आँखा अगाडि ट्र्याक्टर र टिप्परका लाइन लागेर बालुवा-ढुंगा लगिन्छ, तर रोक्ने कोही छैन, लाग्छ यहाँ प्रशासन नै छैन ।'



नदीजन्य सामग्रीको चोरी निकासी रोक्ने मुख्य जिम्मेवारी स्थानीय सरकार प्रहरी प्रशासन र जिल्ला समन्वय समितिको हो । तर गैँडाटारको चाँदी नदीमा भइरहेको यो खुल्ला लुटका बारेमा बारम्बार जानकारी गराउँदा पनि सरोकारवाला निकायले कुनै ठोस कदम नचालेको स्थानीयको आरोप छ। प्रहरीले फाटफुट रूपमा सवारी नियन्त्रणमा लिए पनि मुख्य योजनाकार र सेटिङमा काम गर्ने गिरोहसम्म पुग्न नसकेको उनीहरूको बुझाइ छ।

चन्द्रपुर नगरपालिकाको यो क्षेत्र चुरे पहाडको काखमा पर्दछ। चुरे क्षेत्र संरक्षणका लागि सरकारले राष्ट्रपति चुरे संरक्षण कार्यक्रममार्फत करोडौं खर्च गरिरहे पनि सोही क्षेत्रको मुटु मानिने चाँदी नदी क्षतविक्षत पारिएको छ। जथाभाबी उत्खननले भूमिगत जलस्रोतको सतह घट्ने र कृषि क्षेत्रमा सिँचाइको समस्या देखिने विज्ञहरूले चेतावनी दिएका छन् ।

यस विषयमा जिज्ञासा राख्दा चन्द्रपुर नगरपालिका र स्थानीय प्रशासनले अनुगमन गरिरहेको पुरानै प्रतिक्रिया दिएका छन् । तर स्थलगत रूपमा भने अवैध उत्खननको दृश्यले प्रशासनको दाबीलाई गिज्याइरहेको छ। गैँडाटारवासीले तत्काल यो अवैध कार्य रोक्न र दोषीमाथि कडा कानुनी कारबाही गर्न माग गरेका छन् ।

# गोदावरीका अतिक्रमित संरचना हटाउन सुरु

कैलाली/मस-कैलालीको गोदावरी नगरपालिका-२ स्थित दुर्गालक्ष्मी सामुदायिक वन क्षेत्रमा अतिक्रमण गरी निर्माण गरिएका भौतिक संरचना हटाउन सुरु गरिएको छ । अत्तरिया चोकबाट गोदावरी रोडको पूर्वपट्टि बनाइएका अवैध संरचनाहरू शनिबारदेखि डिभिजन वन कार्यालय धनगढीको समन्वयमा सब डिभिजन कार्यालय अत्तरियाको टोलीले डोजर प्रयोग गरेर हटाउन सुरु गरेको हो ।

डिभिजन वन कार्यालय धनगढीका प्रमुख रामविचारी ठाकुरका अनुसार गोदावरी क्षेत्रमा वन अतिक्रमण गरी अवैध रूपमा भौतिक संरचना निर्माण गर्ने क्रम बढ्दो अवस्थामा रहेको सूचना प्राप्त भएपछि हटाउने अभियान सुरु गरिएको हो ।

गोदावरी नगरपालिकाका विभिन्न क्षेत्रमा वन क्षेत्र अतिक्रमण गरेर घर बनाउने कार्य तीव्र रूपमा भइरहेको सूचना आएकाले त्यस्ता संरचना हटाउने कामको सुरुआत शनिबारदेखि सुरु भएको उनले बताए ।

उनले अबदेखि कसैले पनि वन क्षेत्र अतिक्रमण गरी घर वा अन्य भौतिक संरचना नबनाउन आग्रहसमेत गरे ।

पछिल्लो समय गोदावरी क्षेत्रका विभिन्न सामुदायिक वनमा अतिक्रमण गरी घर, भवन तथा सार्वजनिक संरचना बनाउने क्रम बढ्दै गएको स्थानीय वीरेन्द्र भट्टले बताए ।

वन अतिक्रमण हटाउने कार्यमा दुर्गालक्ष्मी सामुदायिक वनका पदाधिकारी, वनकर्मी तथा नेपाल प्रहरीको पनि सहभागिता रहँदै आएको वन कार्यालयले जनाएको छ ।

# कतारको परोपकारी संस्थामार्फत प्राप्त रमदान किट एनसिसी कतारद्वारा वितरण

**दोहा कतार/मस–**कतार सरकारको परोपकारी संस्था कतार च्यारिटीको मार्फत नेपाली समुदायका लागि प्राप्त रमदान किट गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसिसी) कतारको समन्वयमा वितरण सुरु गरिएको छ ।

रमदानको रोजा बसेका न्यून आए भएका बर्तालु र हाल मध्यपूर्वमा विकसित परिस्थितिका कारण समस्यामा परेका नेपालीहरूलाई लक्षित गर्दै प्रदान गरिएको



३ सय किट खाद्य सामग्रीहरू आवश्यक मानिसहरूलाई परिषद्मार्फत वितरण सुरु गरिएको हो ।

शुक्रबारका दिन अन्तर्राष्ट्रिय मुस्लिम समाज कतारलाई संस्थागत रूपमा ५० बक्स फुड किट हस्तान्तरण गरिएको छ । समाजले आफू मातहत र आवश्यक परेकालाई वितरण गर्नेछ ।

शुक्रबारनै विभिन्न कारणले समस्यामा परेका ४० नेपालीहरूलाई प्रतिव्यक्ति एकएक फुड किट वितरण गरिएको एनसिसिका अध्यक्ष पदम गिरीले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए । गिरीले कहीँ पनि खानाको समस्यामा रहेका नेपालीहरू भए जानकारी दिन या सम्पर्कमा आइदिन आग्रह गरेका छन् ।


साइप्रसमा रोजगार | कम्पनी: C. & C. Private Employment AGency-Lic. No.310 शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८२/०४/१४ चलानी नं.: ६०२४१९९४ LT. No.: 328125 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BARISTA | 3 | 0 | सम्बन्धित काममा दक्ष | 700 | ११८,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | LABOUR | 5 | 0 | | 700 | ११८,५६६ | | | | | | | |
| 3. | SPA THERAPIST | 0 | 3 | | 750 | १२७,०३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत ८ गते (22 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1406/074/075
KALINCHOK H. R. PVT. LTD.
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 970-1167567, 981-0231132, 981-8151990, 986-903552, 976-1741350, 9801081748, 985-1136852 Email: info@kalinchokhr.com.np

मध्यान्ह
www.madhyanhadaily.com
१ चैत २०८२ आइतबार
15 March 2026 Sunday

सम्पादकीय

# ज्येष्ठ नागरिकलाई अपराधबाट जोगाऔं

देशभरका कारागारमा करिब ३० हजार कैदीबन्दी छन् । कारागार व्यवस्थापन विभागकाअनुसार ६० वर्ष नाघेका कैदीबन्दी करिब एक हजार दुई सय छन् । यो तथ्यले समाजबारे गम्भीर प्रश्नहरू अघि सार्दछ । कानुनतः ६० वर्ष उमेर पुगेकाहरू ज्येष्ठ नागरिक हुन् । ज्येष्ठ नागरिकको उमेर समूहका कैदीबन्दीमध्ये ठुलो संख्या जबरजस्ती करणी, कर्तव्य ज्यान र लागुऔषध कारोबार जस्ता गम्भीर अपराधमा संलग्न रहेको देखिन्छ । कारागार व्यवस्थापन विभागको तथ्यांकअनुसार ज्येष्ठ उमेर समूहका कैदीबन्दीमध्ये जबरजस्ती करणी मुद्दाका ४९५, कर्तव्य ज्यान मुद्दा ३४४ र लागुऔषध कारोबारसँग सम्बन्धित ८८ जना छन् । यो तथ्यांक गम्भीर चिन्ताको विषय हो । सामान्यतया ज्येष्ठ उमेरका नागरिकलाई अनुभव, संयमता र सामाजिक मार्गदर्शनको प्रतीकका रूपमा हेरिन्छ । तर यही उमेर समूहका मानिसहरू यस्ता गम्भीर अपराधमा संलग्न देखिनु नेपाली समाजको सामाजिक अवस्थाको गलत तस्बिर हो ।

जेल भुक्तान गरिरहेका ज्येष्ठ कैदीबन्दीमध्ये कतिपय नाबालिकलाई जबरजस्ती करणी गरेको अभियोगमा छन् । कतिपय हत्या जस्तो गम्भीर अपराधमा कसुरदार छन् । कतिपय लागुऔषध कारोबारमा संलग्न रहेका कारण सजाय भोगिरहेका छन् । यो अवस्था केवल व्यक्तिगत कमजोरी वा अपराधी प्रवृत्तिको परिणाम मात्र होइन । यसले समाजमा बढ्दै गएको नैतिक संकट, कमजोर सामाजिक नियन्त्रण, लैंगिक असमानता र सामाजिक संरचनामा रहेको समस्यालाई उजागर गर्छ । जबरजस्ती करणीका घटनामा ज्येष्ठ उमेरका व्यक्तिहरूको संलग्नता देखिनु महिलामाथि हुने हिंसा अझै गहिरो सामाजिक समस्या रहेको स्पष्ट संकेत हो । समाजमा महिला र बालिकाको सुरक्षा सुनिश्चित गर्न अझै सरकारी प्रयास आवश्यक रहेको यसले औंलउँदछ । परिवार र समुदायको परम्परागत संरचना कमजोर हुँदै जानुले पनि समस्या निम्त्याएको छ । पहिले परिवार, छिमेक र समुदायले व्यक्तिको व्यवहारमा निश्चित सामाजिक नियन्त्रण राख्थे । अहिले शहरीकरण, वैदेशिक रोजगारी, पारिवारिक विखण्डन र सामाजिक परिवर्तनका कारण यस्तो नियन्त्रण कमजोर हुँदै गएको छ । यसले कतिपय अवस्थामा व्यक्तिलाई सामाजिक अनुशासनबाट टाढा लैजाने अवस्था सिर्जना गरेको हुन सक्छ । यसबाहेक मानसिक स्वास्थ्य, एक्लोपन र सामाजिक उपेक्षा पनि केही ज्येष्ठ व्यक्तिहरूलाई गलत बाटोमा धकेल्ने कारण हुन सक्छ । यसबारे गहिरो अनुसन्धान हुनुपर्छ र त्यसअनुसार राज्यले नीति अख्तियार गर्नुपर्छ ।

२१ फागुनमा सम्पन्न आम निर्वाचनबाट ठुलो संख्यामा युवाहरू विधायक बनेका छन् । उनीहरूले नीति बनाउँदा बुझ्नुपर्छ–समाजको अनुभव र ज्ञानको स्रोत मानिने ज्येष्ठ उमेर समूह अपराधको सूचीमा देखिनु सकारात्मक संकेत होइन । यसलाई केवल अपराधको तथ्यांकका रूपमा हेरेर बेवास्ता गर्नु पनि हुँदैन । बरू यसलाई समाज, परिवार र राज्यका नीतिहरूको पुनरावलोकन गर्ने अवसरका रूपमा लिन सकिन्छ । समयमै सही नीति, सामाजिक चेतना र प्रभावकारी कार्यक्रम ल्याउन सकिए गलत प्रवृत्ति रोक्न सकिन्छ र समाजलाई सुरक्षित तथा नैतिक दिशातर्फ अघि बढाउन सकिन्छ ।


# ‘वाचा पत्र’को कसौटीमा संविधान

*जेनजी आन्दोलनका प्रमुख मागहरू संविधान संशोधन नगरी पूर्ण रूपमा पूरा गर्न सकिन्न । यद्यपि, मागलाई नजरअन्दाज गर्ने छुट सरकारलाई छैन ।*

अग्रलेख



● श्यामप्रसाद मैनाली




नेपालका होनहार युवाहरूले सहादत प्राप्त गरेर ल्याएको चुनावको नतिजा आइसकेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नेपालको राजनीतिक इतिहासमै अत्यधिक बहुमत प्राप्त गरेको छ । रास्वपाले जेनेरेसन ‘जेड’ (जेनजी) युवाहरूको मागलाई सम्बोधन गर्न आफ्ना ‘वाचा पत्र’ जनतासमक्ष प्रस्तुत गर्दै ती वाचा पत्रकै आधारमा सरकारमा जाने अवसर प्राप्त गरेको छ । रास्वपाको आफ्नै लोकप्रियता आर्जन भएको परिणामभन्दा पनि पुराना राजनीतिक दलहरूविरुद्ध जनता आक्रोशित भएकाले उक्त कुण्ठाको परिणतिका रूपमा यो निर्वाचनको नतिजालाई लिनुपर्दछ ।

नयाँ सरकार स्वभावतः जनताको अग्निपरीक्षामा होमिएको छ । यसका लागि थुप्रै चुनौतीहरूको चाङ अगाडि छन् । इमानदारिता र सुझबुझका साथ सरकार सञ्चालन गर्दा थुप्रै अवसरहरू पनि यस दलले प्राप्त गर्न सक्दछ । रास्वपालाई अब सरकारमार्फत देशमा सुशासन कायम गर्ने, आर्थिक समृद्धिको दिशामा कार्य गर्ने, राजनीतिक प्रणालीमा देखिएका कमीकमजोरीहरूलाई सुधार गर्दै अघि बढ्ने अवसर पनि प्राप्त भएको छ । यो सुवर्ण अवसरलाई अब बन्ने रास्वपा सरकारले गम्भीरतापूर्वक लिनुपर्दछ ।

रास्वपाले चुनावको बेलामा आफ्ना वाचा पत्रहरू सार्वजनिक गरेको थियो । नेपालको संविधान यी वाचा पत्रअनुरूप कति सहयोगी छ ? संवैधानिक प्रावधानले के-कति बाधा-अड्चन खडा हुन्छन् ? यस्तो अवस्थामा कार्यान्वयन पक्ष कस्तो हुन्छ ? विभिन्न देशहरूमा भएका आन्दोलनहरू पश्चात् संविधानलाई कसरी अगाडि बढाइएको छ ? विश्वका उदाहरण कस्ता छन् ? यसै सन्दर्भमा केन्द्रित भएर यो आलेख तयार पारिएको छ ।

**रास्वपाको वाचा पत्र र संविधान**

रास्वपाले आफ्ना वाचा पत्रहरू पूरा गर्ने क्रममा धेरै प्रकारका प्रतिबद्धताहरू जनता समक्ष गरेको छ । त्यसमध्ये केही प्रतिज्ञाहरू संविधानको संशोधन नगरी पूरा गर्न सक्ने अवस्था छैन । वाचा पत्रका मुख्य-मुख्य बुँदाहरू अध्ययन गर्दा न्यायपालिकामा योग्यता प्रणालीका आधारमा अघि बढाउने संकल्प राष्ट्रिय स्वतन्त्र पार्टीको छ । नेपालको न्याय सम्पादनका सन्दर्भमा विशेषगरी उच्च तहका अदालतहरूमा राजनीतिक दलसँग प्रत्यक्ष रूपमा सम्बन्ध भएका व्यक्तिहरू न्यायमूर्तिका रूपमा जिम्मेवारी निर्वाह गरिरहेका छन् । उनीहरूको विगत र हालको अवस्थालाई हेर्दा पनि राजनीतिक प्रतिबद्धता देखिने भएकाले न्यायपालिका निष्पक्ष हुन सक्दैन भन्ने आशंका आम नागरिकहरूमा छ ।

देशमा सुशासन कायम गरेर नागरिकहरूमा नयाँ सरकारप्रति विश्वास दिलाउन न्यायपालिकामा आमूल परिवर्तन गर्नुपर्दछ । यसका लागि नेपाल बार एसोसिएसनसँग सम्बन्धित कानुनहरूमा पनि पुनरावलोकन हुनु जरुरी छ । नेपाल बारको सिफारिसमा न्याय परिषद्ले न्यायाधीशहरू नियुक्तिका लागि सिफारिस गर्ने व्यवस्थाले न्याय सेवा आक्रान्त छ । विशेषगरी उच्च अदालत र सर्वोच्च अदालत यो विकृतिबाट हदैसम्म प्रभावित भएका छन् । त्यही क्षणबाट नागरिकको अदालतप्रतिको आस्था कमजोर बन्दै गएको छ । यसमा परिवर्तन गर्न न्याय परिषद् सम्बन्धी प्रावधानहरू र संवैधानिक परिषद् सम्बन्धी व्यवस्थाहरूमा संशोधन हुनु अनिवार्य छ ।

कार्यकारी प्रधानमन्त्रीको निर्वाचन प्रत्यक्ष मतदानबाट गराउने, पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने, प्रदेश संरचना र प्रदेश सरकारको अधिकारमा पुनरावलोकन गर्ने, राष्ट्रपति र उपराष्ट्रपतिको भूमिकामा थपघट गर्ने, सांसदको संख्या घटाउने, राष्ट्रिय सभाको संरचनामा हेरफेर गर्ने, संवैधानिक निकायहरूको अधिकार संरचनामा संशोधन गर्ने, समानुपातिक प्रतिनिधित्वको व्यवस्थामा परिवर्तन ल्याउने, देशको शासन प्रणाली नै परिवर्तन गर्ने, सांसदहरूलाई कानुन निर्माणमा सीमित गराई विज्ञहरूबाट मन्त्रिपरिषद् गठन गर्ने, स्थानीय तहमा दलीय आधारमा प्रतिस्पर्धा नगराउने अथवा स्वतन्त्र उम्मेदवारहरूबाट मात्र प्रतिस्पर्धा गराउने जस्ता प्रतिज्ञाहरू रास्वपाले गरेको छ ।

रास्वपाले वाचा पत्रका आधारमा तीन महिनाभित्र अवधारणा पत्र तयार पारेर सार्वजनिक बहसमा ल्याउने बताएको छ । यी सबै वाचा पत्रमा आएका एजेन्डाहरूलाई संविधान संशोधन नगरी कार्यान्वयन गर्न सकिने अवस्था छैन । त्यसैले यस्ता मुख्य-मुख्य कामहरू सम्पादन गर्न संविधान संशोधन अपरिहार्य भएको छ । संविधान संशोधन नगरी मुख्य विषयहरूमा सरकार प्रवेश गरी जनमुखी कार्यक्रमहरूलाई अघि बढाउन सक्ने अवस्था छैन ।

अब प्रश्न उठ्छ- प्रतिनिधिसभामा भएको संख्याले संविधान संशोधन सम्भव छ वा छैन ? यसका बारेमा विविध प्रकारका टीका-टिप्पणीहरू हुन थालेका छन् । यहाँ स्पष्ट हुनुपर्ने कुरा के छ भने संघीय संसद्को दुई तिहाइ बहुमतले मात्र संविधान संशोधन हुन सक्छ । प्रतिनिधिसभाको मात्रै दुई तिहाइबाट यो सम्भव हुँदैन । विधेयकहरू पारित गर्ने प्रक्रियामा प्रतिनिधिसभा बढी शक्तिशाली हुन्छ । संघीय व्यवस्थापन कार्यविधि सम्बन्धी व्यवस्था संविधानको भाग ९ मा छ । यसैगरी संविधान संशोधन सम्बन्धी प्रावधान भाग ३१ मा छ । यसमा छुट्टाछुट्टै प्रावधानहरू स्पष्ट गरिएका छन् । धारा २७४ मा भएको व्यवस्थाहरू अध्ययन गर्दा संघीय संसद्को हाल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले मात्रै संविधान संशोधन हुन सक्छ । यहाँ ध्यान दिनुपर्ने अर्को पक्ष पनि छ । संघीय संसद् भन्नाले राष्ट्रिय सभा र प्रतिनिधिसभा दुवैलाई जनाउँछ ।

अहिलेको अवस्थामा प्रतिनिधिसभा र राष्ट्रिय सभा दुवैले संयुक्त रूपमा छलफल गरी दुवै सदनका सबै सांसदहरूको दुई तिहाइ बहुमत हुँदा पनि संविधान पारित हुन सक्ने अवस्था छैन । यसको सिधा अर्थ हो- प्रतिनिधिसभाका २७५ स्थान नै पूरै एकै दलले विजय हासिल गरी आएमा वा प्रतिनिधिसभाका सम्पूर्ण सांसदहरूले संविधान संशोधनका पक्षमा निर्णय गरेमा पनि राष्ट्रिय सभाले अनुमोदन नगरेमा संविधान पारित हुन सक्दैन । त्यसैले रास्वपाको एकल प्रयासबाट नेपालको संविधानमा संशोधन हुन सक्दैन ।

**आन्दोलनकारीहरूका आफ्ना–आफ्नै तरिका**

सार्वभौम नागरिकहरूको बुलन्द आवाजलाई सम्बोधन गर्नुपर्ने बाध्यताका कारण विभिन्न देशहरूमा विभिन्न समयमा भएका आन्दोलनहरूलाई सम्बोधन गर्ने आ-आफ्नै तरिकाहरू देखिएका छन् । सामान्यतया: आन्दोलन केही मागहरू राखेर प्रारम्भ हुन्छ । सरकारले त्यसलाई नियन्त्रणमा लिन खोज्छ । दबाब तीव्र रूपमा बढ्दै जाँदा आन्दोलनकारीहरूको मागहरूलाई सम्बोधन गर्न सरकार बाध्य हुन्छ । अर्को अर्थमा आन्दोलन सफल हुन्छ । सफल आन्दोलनले आफ्ना मागहरू पूरा गराउँछ । ती मागहरू प्रायः मूल कानुनलगायत अन्य कानुन र नीतिमा हस्तक्षेप गरी पुनरावलोकन गर्दा पूरा गर्न सकिने अवस्थाका हुन्छन् । यसको अभावमा आन्दोलनकारीहरूको मागहरू पूरा गर्न कठिन हुन्छ । त्यसैले देशको मूल कानुनमै संशोधन गरेर, मूल कानुनलाई नै समाप्त गरी नयाँ संविधान जारी गरेर आन्दोलनकारीहरूलाई सम्बोधन गर्ने दृष्टान्तहरू थुप्रै पाइन्छन् । संविधान संशोधन नगरी अन्य नीतिगत परिवर्तन र कानुन परिमार्जन गरेर अथवा नयाँ कानुन बनाएर पनि आन्दोलनकारीहरूको मागहरू पूरा गरिएका उदाहरणहरू छन् ।

सन् २०११ मा छिमेकी राष्ट्र भारतमा अन्ना हजारेको भ्रष्टाचार विरोधी आन्दोलन भयो । भ्रष्टाचार नियन्त्रण गर्न कडा कानुनको माग गरिएको थियो । संविधानमा संशोधन नगरी संसद्ले लोकपाल तथा लोकायुक्त ऐन, २०१३ पारित गऱ्यो । संविधान संशोधन नगरी ऐन बनाएर माग पूरा गरियो ।

अमेरिकामा पनि सन् २०११ मा अकुपाइ वालस्ट्रिट आन्दोलन भयो । आर्थिक असमानतामा हस्तक्षेप गरी सुधार गर्नुपर्ने, बैंकिङ क्षेत्रमा कडा अनुगमन र नियन्त्रण गरिनुपर्ने, कर्पोरेट प्रभावलाई कम गर्नुपर्ने माग राखिएको थियो । यी मागहरू पूर्ण रूपमा पूरा गर्न संविधानमै संशोधन गर्नुपर्ने अवस्था थियो । तर, अमेरिकामा संविधानमा कुनै हेरफेर गरिएन । बैंकिङ नियमनलाई कडा बनाइयो । न्यूनतम ज्यालादारमा उल्लेखनीय वृद्धि गरियो । विद्यार्थीहरूलाई ऋण राहतजस्ता सहुलियतपूर्ण नीतिहरू सरकारले कार्यान्वयन गर्न थाल्यो । आन्दोलनका मुख्य मागहरूलाई नीतिगत रूपमा सुधार गर्दै पूरा गर्न सफल भयो ।

सन् २०१४ मा हङकङमा पूर्ण रूपमा लोकतान्त्रिक निर्वाचनको माग राखेर अम्ब्रेला आन्दोलन भएको थियो । संवैधानिक संरचनामा कुनै संशोधन गरिएन । प्रशासनमा मौलिक रूपमा सुधार गरियो । चुनावी प्रक्रियामा संशोधन भयो । राजनीतिक संवादलाई प्रभावकारी बनाउने दृढता व्यक्त गरियो ।

यसबाट आन्दोलनकारीहरूका सबै मागहरू पूरा भएनन् । तर, संविधान संशोधनबिना नै महत्वपूर्ण सुधारहरू सम्भव भए । आन्दोलनकारीहरू आफ्ना मागहरू केही हदसम्म पूरा भएकोमा सन्तुष्ट बनेका थिए । तर, आन्दोलनकारीहरूका मागहरू र त्यस देशमा कायम रहेको संविधान कुन हदसम्म उदार छ ? कानुनी प्रक्रियाकै सहारा लिएर संविधानमा संशोधन नगरी आन्दोलनकारीहरूका माग पूरा गर्न सकिने अवस्था छ कि छैन ? त्यसलाई संविधानले अनुमति दिएको अवस्था हो कि होइन ? आदि कुराहरूले पनि संविधान संशोधन नगरी अथवा आंशिक रूपमा संशोधन गरेर वा नयाँ संविधान जारी गरेर मात्र आन्दोलनकारीहरूका माग पूरा गर्न सक्ने अवस्था बन्दछ । यस प्रकार परिस्थिति हेरी विभिन्न देशहरूमा आन्दोलनकारीहरूसँग सरकारले समझदारी गर्दै उनीहरूका मागहरू पूरा गर्ने प्रचलन छ ।

**निष्कर्ष**

नयाँ पुस्ताहरूको बलिदानीबाट आजको अवस्था बनेको हो । आजको अवस्थाको नेतृत्व गर्ने अवसर पाएको रास्वपाले उनीहरूको मागहरूलाई सम्मान गरी पूरा गरिदिनुपर्ने अहम् दायित्व निर्वाह गर्नै पर्छ । कतिपय नीतिगत, योजनागत र कार्यक्रमगत एजेन्डाहरू संविधान संशोधन नभई पूरा गर्न सकिन्छ । वाचा पत्रका केही अंशहरू उल्लेख भएजस्तै संविधान संशोधन नगरी पूरा गर्न सकिन्न । जेनजी आन्दोलनका प्रमुख मागहरूमध्ये प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गर्ने, भ्रष्टाचारको नियन्त्रण गरी सुशासन कायम गर्ने विषयहरू संविधान संशोधन नगरी पूर्ण रूपमा पूरा गर्न सकिन्न । यद्यपि, उनीहरूका मागलाई नजरअन्दाज गर्ने छुट सरकारलाई छैन । त्यसैले सरकार संविधान संशोधनका लागि अघि बढ्नुपर्छ ।

यसमा सर्वप्रथम संशोधनका एजेन्डाहरू प्रस्तुत गर्दै सर्वदलीय सहमति कायम गर्नु जरुरी हुन्छ । यस्तो सहमति गोलमेच सम्मेलनबाट गर्ने र त्यहाँ राखिएका एजेन्डाहरू तथा त्यसमा भएका छलफलहरू आम नागरिकहरूले प्रत्यक्ष रूपमा हेर्न पाउनुपर्दछ । यसबाट अत्यन्त सान्दर्भिक, परिवर्तनगामी र अग्रगमन उन्मुख देखिएका मागहरूमा कुन दलले अस्वीकार गर्दछ ? त्यसको स्पष्ट जानकारी मतदाताहरूमा हुने गर्दछ ।

यस पूर्व रास्वपाले आफ्ना दलभित्रका विभिन्न नेताहरूले राखेका धारणाहरू पृथक् देखिएकाले एकल एजेन्डा संविधान संशोधनका सन्दर्भमा तयार पार्नु पर्दछ । यी चरणहरू पार गरिरहँदा सरकारलाई संविधान संशोधनको एजेन्डा पारित गर्न सहज बन्दछ । यदि गणितीय संख्या राष्ट्रिय सभामा नपुग्ने अवस्था सिर्जना हुँदा त्यस्ता महत्वपूर्ण विषयहरूमा सरकारले जनमत संग्रह गराइदिन सक्छ । यो अत्यन्त लोकतान्त्रिक प्रक्रिया हो । संविधानको धारा २७५ मा जनमत संग्रह सम्बन्धी व्यवस्था छ ।

यस व्यवस्थाअनुसार प्रतिनिधि सभाको मात्र दुई तिहाइ बहुमतले राष्ट्रिय महत्वको कुनै पनि विषयमा जनमत संग्रहमा जाने भनी निर्णय लिएमा त्यस्तो विषय जनमत संग्रहमा जानेछ र जनमत संग्रहबाट आएको निर्णय जनअनुमोदित भएको मानिन्छ । त्यसैले अत्यन्त असहज अवस्थाको सामना गर्नुपर्ने परिस्थिति गणितीय हिसाबले परेको अवस्थामा सरकारले यो प्रावधानको प्रयोग गर्न सक्छ, गर्नुपर्दछ । यो परिस्थिति निर्माण हुन नदिन पुनः राजनीतिक दलहरूकै बिच सहमति कायम भई के-कस्ता विषयमा सम्बोधन गर्ने हो भन्ने निर्णय लिनु उपयुक्त हुन्छ ।

**(मैनाली, नेपाल सरकारका पूर्वसचिव हुन् ।)**

## इतिहासमा आज

१५ मार्च १९९० मा मिखाइल गोर्बाचेभ सोभियत संघको पहिलो र एकमात्र राष्ट्रपतिको रूपमा निर्वाचित भएका थिए ।



१५ मार्च २००८ मा अल्बानियाको गर्डेक गाउँमा रहेको पूर्व सैन्य गोलाबारुद डिपोमा पुरानो गोलाबारुदको भण्डार विस्फोट हुँदा २६ जनाको मृत्यु भएको थियो ।



१५ मार्च २०१९ मा न्यूजिल्याण्डको क्राइस्टचर्च मस्जिदमा भएको गोलाबारीबाट ५१ जनाको मृत्यु भएको थियो ।



१५ मार्च २०१९ मा हङकङमा विरोध प्रदर्शनको सुरुवात भएको थियो । जसमा लाखौं नागरिक उपस्थित थिए ।




# राजनीतिमा नयाँ दृष्टिकोण

विचार



● कौशल गोपालवंशी

*युवाको राजनीतिक सहभागिता केवल सत्ता वा प्रभावको माध्यम मात्र होइन; यो सेवा, उत्तरदायित्व र समाजको हितको माध्यम हो । जब युवा नेताहरू जनताको आवश्यकतामाथि ध्यान केन्द्रित गर्छन्, सामाजिक न्यायको संरक्षण गर्छन् र पारदर्शिता कायम राख्छन्, तब लोकतन्त्र बलियो हुन्छ ।*

राजनीति सधैँ समाजको ढाँचालाई आकार दिने महत्वपूर्ण माध्यम रहिआएको छ । कुनै पनि राष्ट्रको प्रगति र विकासमा युवाको भूमिका निर्णायक हुन्छ, किनभने उनीहरूले नयाँ दृष्टिकोण, नवीन सोच र साहसिक कदम चाल्ने क्षमता ल्याउँछन् । नेपालजस्ता लोकतान्त्रिक राष्ट्रहरूमा, जहाँ राजनीतिक प्रक्रियाहरू कहिलेकाहीँ जटिल र अस्थिर हुन्छन्, त्यहाँ युवाको सक्रिय सहभागिता केवल अवसर मात्र होइन, समाज र राष्ट्रको भविष्यप्रति जिम्मेवारी पनि हो ।

पहिलेको समयको तुलना गर्दा, अहिलेका युवाको राजनीतिक पहुँचमा उल्लेखनीय परिवर्तन आएको छ । पहिला युवालाई सिंहदरबारको पासका लागि पनि गाह्रो हुन्थ्यो, अनुभव र अनुशासनको आधारमा मात्र उनीहरूले प्रवेश पाउँथे । तर आजको समयमा युवाले सिंहदरबार हाँक्ने अवस्था आएको छ । यसले देखाउँछ कि अब शक्ति र नेतृत्व केवल उमेर र सम्बन्धको परिणाम होइन, दक्षता, प्रतिबद्धता र नेतृत्व क्षमताको परिणाम बन्न थालेको छ ।

यसै सन्दर्भमा, राजनीतिक प्रवेशका लागि सिफारिस प्रणालीमा पनि ठूलो परिवर्तन आएको छ । पहिले राजनीतिक अवसर प्राप्त गर्न युवाले सात पुस्ताको नाता जोडेर बुढापाकाको सिफारिस लिनुपर्ने बाध्यता थियो । तर, आजको युवा नेतृत्वमा आफ्नो उमेरका साथी वा समान विचारधारा भएका युवा साथीहरूले स्वतः सिफारिस गर्ने वातावरण सिर्जना भएको छ । यसले केवल पारदर्शिता र न्याय सुनिश्चित गर्दैन, तर नेतृत्वको अवसर सबैका लागि समान बनाउँछ ।

साथै, शिक्षा र क्षमता अब राजनीतिमा प्रवेशको प्रमुख आधार बनेको छ । पहिले स्नातक पास गरेका युवाले राजनीति बनाउन धेरै वर्षको संघर्षपछि मात्र आफ्नो स्थान बनाउन पाउँथे र बुढा भएर मात्रै कुनै महत्वपूर्ण भूमिका लिन सक्थे । आजको अवस्था भने बिलकुल फरक छ । स्नातक पास गरेको युवा अवैध वा सिफारिसको बाध्यतामा नपरी आफ्नो योग्यता अनुसार राजनीतिक भूमिकामा प्रवेश गर्न सक्छन् । यसले परम्परागत बुढा नेताहरूको दबदबा अन्त्य गरेको छ र युवा नेतृत्वलाई प्राथमिकता दिएको छ ।

युवाको राजनीतिक सहभागिता केवल सत्ता वा प्रभावको माध्यम मात्र होइन; यो सेवा, उत्तरदायित्व र समाजको हितको माध्यम हो । जब युवा नेताहरू जनताको आवश्यकतामाथि ध्यान केन्द्रित गर्छन्, सामाजिक न्यायको संरक्षण गर्छन् र पारदर्शिता कायम राख्छन्, तब लोकतन्त्र बलियो हुन्छ । युवा नेतृत्वले नवीनता, साहस र प्रतिबद्धता लिएर राजनीतिक प्रणालीमा सुधार ल्याउँछ । डिजिटल प्रविधि, तथ्यांकको प्रयोग, सामाजिक सञ्जाल र अनुसन्धानमार्फत युवा नेताहरूले प्रभावकारी नीति निर्माण र कार्यान्वयन गर्न सक्छन् ।

तर चुनौतीहरू अझै बाँकी छन् । अनुभवको कमी, पुरानो संरचना र अस्थिर राजनीतिक वातावरण युवा नेताहरूका लागि बाधा हुन सक्छन् । यी चुनौतीहरू पार गर्दै जिम्मेवारीपूर्ण निर्णय लिन सक्ने क्षमता युवामा छ भने उनीहरूको योगदान प्रेरणादायक र दीर्घकालीन हुनेछ ।

अन्ततः, युवालाई राजनीतिमा प्रवेश गरेकोमा बधाई दिनु केवल सम्मानको विषय होइन; यो उनीहरूको जिम्मेवारी, योगदान र समाजको अपेक्षाप्रति संकेत पनि हो । युवाको सक्रिय सहभागिताले मात्र भविष्यमा जिम्मेवार, पारदर्शी र समर्पित नेतृत्व सुनिश्चित गर्न सक्छ । अहिलेको युवा नेतृत्वले राष्ट्र निर्माणमा नयाँ अध्याय खोल्दै छ, जहाँ शिक्षा, क्षमता, पारदर्शिता र नवीनता नै राजनीतिक पहुँचको आधार हो ।

यसरी, युवालाई राजनीतिमा प्रवेश गरेकोमा बधाई दिनु मात्र उत्सवको विषय होइन, राष्ट्रको दीर्घकालीन प्रगतिका लागि नयाँ आशा र ऊर्जा सिर्जना गर्ने संकेत हो । युवा शक्ति नवीन विचार र प्रतिबद्धताले भरिएको छ र यसले नेपालको भविष्यलाई सशक्त, समृद्ध र लोकतान्त्रिक बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ ।

## सन्धिखर्कका ५ वडाको काम नयाँ भवनबाट शुभारम्भ

# ‘स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो’

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, ३० फागुन



अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले निर्माण गरेका पाँच वटा वडा कार्यालयका प्रशासनिक सेवा अब नव-निर्मित आधुनिक तथा सुविधा सम्पन्न भवनबाट सञ्चालनमा आएका छन् । वडा नम्बर ५ को वाङला, वडा नम्बर ६ को भुतडाँडा, वडा नम्बर ७ को फर्ज्याङखोला, वडा नम्बर ८ को पकले र वडा नम्बर १२ को डिभर्नामा निर्माण सम्पन्न भएका नयाँ प्रशासनिक भवनबाट सेवा प्रवाह सुरु गरिएको हो ।

एक समारोहकाबीच वडा नम्बर ७ फर्ज्याङखोलास्थित नयाँ भवनबाट नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले औपचारिक रूपमा सेवा सञ्चालनको घोषणा गरेका थिए । श्रेष्ठले स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएकाले सेवा प्रवाहलाई सहज, छिटो र प्रभावकारी बनाउन पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइएको बताए। उनले निर्वाचनका क्रममा जनतासामु गरिएका प्रतिबद्धताहरू क्रमशः कार्यान्वयन गर्दै जाने नगरपालिकाको नीति रहेको उल्लेख गर्दै अब सेवा प्रवाहको गुणस्तर अझ सुधार गर्दै नागरिकलाई छिटो र सहज सेवा उपलब्ध गराउन वडा कार्यालयहरूलाई आग्रह गरे । नगरप्रमुख श्रेष्ठले सन्धिखर्क नगरपालिकाले समग्र विकास र सुशासनलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए । उनले नगरभित्र धेरै सडकहरू कालोपत्रे सम्पन्न भएका छन् भने खानेपानी आयोजनाहरू निर्माण सम्पन्न भइ सञ्चालनमा आएका छन् ।

बजारदेखि गाउँसम्म सडक बत्ती र हाईमास्ट लाइट जडान गरिएकाले जताततै नगर क्षेत्र झिलिमिली बनेको छ । नगरपालिकाले आन्तरिक पर्यटन प्रवर्धनलाई समेत विशेष ध्यान दिएको जनाउँदै नगरप्रमुख श्रेष्ठले सुपादेउराली मन्दिरको भेटी व्यवस्थापनलाई पारदर्शी बनाइएको र अर्घा भगवती मन्दिर क्षेत्रमा पर्यटक आकर्षित गर्ने योजनाहरू अघि बढाइएको दाबी गरे । कार्यक्रममा उपप्रमुख मिश्रा आचार्यले सुशासन कायम गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, बेरुजु घटाउने र मुस्कानसहितको सेवा प्रवाह गर्ने अभियानलाई नगरपालिकाभित्र प्राथमिकताका साथ अगाडि बढाइएको पनि जानकारी दिइन् । भुसिया कुकुर नियन्त्रणका लागि पहल गरिएको, उत्पादनको आधारमा कृषि अनुदान उपलब्ध गराइने नीति ल्याइएको, जिल्ला अस्पताललाई सहयोग गर्ने र शैक्षिक क्षेत्र सुधारका लागि विशेष अभियान सञ्चालन गरिएको पनि नगरउपप्रमुख आचार्यले बताइन् ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालका अनुसार नगरपालिकासँग भएको ठेक्का सम्झौता बमोजिम नयाँ नेपाल निर्माण सेवाले ७ करोड ४५ लाख रुपैयाँको लागतमा वडा बासिको चाहाना अनुसार सुविधा सम्पन्न भवन निर्माण सम्पन्न गरेको हो । समयमै निर्माण कार्य सम्पन्न गरी भवन हस्तान्तरण गरेको भन्दै निर्माण कम्पनीका सञ्चालक तथा युवा निर्माण व्यवसायी अर्जुन खनाल र नारायण आचार्यलाई दोसल्ला तथा सम्मानपत्र प्रदान गरी सम्मान गरिएको थियो। वडा नम्बर ७ का अध्यक्ष चुराबहादुर केसीका अनुसार भवन निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराउने सीता केसी, धनबहादुर केसी र तेजबहादुर मल्ललाई समेत दोसल्ला, माला र सम्मानपत्रद्वारा सम्मान गरिएको छ । कार्यक्रम वडा सचिव सीता विसीले सञ्चालन गरेकी थिइन् ।

# गौर प्रादेशिक अस्पतालको १०० बेडको नयाँ भवन उद्घाटन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० फागुन



मधेश प्रदेशको राजधानी बाहिरको स्वास्थ्य सेवालाई सुदृढ बनाउने उद्देश्यका साथ रौतहटको सदरमुकाम गौरमा अवस्थित प्रादेशिक अस्पताल गौरको स्तरोन्नति गरिएको छ ।

एक विशेष समारोहका बीच मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णा प्रसाद यादवले अस्पतालको १०० बेड क्षमताको नयाँ संरचना तथा सेवाको औपचारिक उद्घाटन गरेका छन् ।

अस्पताल परिसरमा आयोजित उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले स्वास्थ्य क्षेत्र सरकारको सर्वोच्च प्राथमिकतामा रहेको बताए । उनले गौर प्रादेशिक अस्पताललाई सुविधा सम्पन्न बनाएसँगै अब रौतहटबासीले सामान्य उपचारका लागि पनि वीरगन्ज वा काठमाडौं धाउनुपर्ने बाध्यता अन्त्य हुने विश्वास व्यक्त गरे । हामी नारामा मात्र होइन, व्यवहारमै जनताको घरदैलोमा स्वास्थ्य सेवा पुर्‍याउन प्रतिबद्ध छौँ, मुख्यमन्त्री यादवले बताए ।

कार्यक्रममा विशिष्ट अतिथिको रूपमा बोल्दै मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय जंगीलाल राय यादवले प्रदेशका सरकारी अस्पतालहरूको भौतिक पूर्वाधारसँगै जनशक्ति व्यवस्थापनमा मन्त्रालय गम्भीर रहेको उल्लेख गरे । उनले अस्पतालमा आवश्यक अत्याधुनिक उपकरण र विशेषज्ञ चिकित्सकको दरबन्दी छिट्टै पूर्ण गरिने आश्वासनसमेत दिए ।

त्यसैगरी, कार्यक्रममा केन्द्रिय सदस्य माननीय नागेन्द्र शाहले अस्पतालको विकासले स्थानीय स्तरमा ठूलो राहत मिल्ने बताए । उद्घाटन सत्रमा विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता, नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी, स्वास्थ्यकर्मी तथा स्थानीय जनप्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको थियो ।

पहिले सिमित बेड संख्यामा संञ्चालित यस अस्पताल अब १०० बेडमा विस्तार भएसँगै बिरामीहरूले सहज रूपमा भर्ना भएर उपचार पाउने मार्ग प्रशस्त भएको छ । अस्पताल प्रशासनका अनुसार नयाँ सेवा थपिएसँगै स्त्रीरोग, बालरोग र आकस्मिक सेवा अझ प्रभावकारी हुनेछ ।

लामो समयदेखि ओझेलमा परेको गौर प्रादेशिक अस्पतालले पछिल्लो समय प्रदेश सरकारको ध्यान पाएपछि स्थानीयबासीहरूमा खुसीयाली छाएको छ । स्वास्थ्यकर्मीहरूले पनि पूर्वाधार विकासले कार्यसम्पादनमा सहजता आउने बताए ।

# मोना कतारले मनायो २३औं वार्षिकोत्सव




**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ३० फागुन

कतारमा रहेका म्याग्देलीहरूको साझा संस्था म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) कतारले संस्था स्थापनाको २३औं वार्षिकोत्सव मनाएको छ । मध्यपूर्वमा परेको असहज परिस्थितिका कारण शुक्रवार साँझ म्याग्देलीहरूको समुपस्थितमा केक काट्दै खुसीयाली साटेर वार्षिकोत्सव मनाइएको हो ।

वार्षिकोत्सव कार्यक्रम मोना कतारका अध्यक्ष बाबुराम भण्डारीको सभाध्यक्षता, मोना अन्तर्राष्ट्रिय कार्यसमितिका कोषाध्यक्ष नरेन्द्र फगामीको प्रमुख आतिथ्यता तथा मोना कतारका संस्थापक अध्यक्ष प्रेम रसाइलीको विशेष उपस्थितिमा मनाइएको हो । कार्यक्रममा मोना कतारका सल्लाहकार लीला चोखाल, प्रमुख सल्लाहकार राजु पौडेल, संरक्षकद्धय रमेश जैसी र विक्रम कार्की लगायतले आफ्ना संस्थागत अनुभव र भविष्यमा संस्थाले गर्नुपर्ने कार्यसम्पादनका बारेमा धारणा राखेका थिए ।

कार्यक्रममा आफ्ना धारणा राख्दै संस्थापक अध्यक्ष रसाइलीले स्थापना कालमा सञ्चारको असहजता र सञ्जालविहीन हुँदा पनि संस्थाको आवश्यकता महसुस गरी स्थापना गरिएको स्मरण गर्दै संस्था २३औं वसन्तसम्म आई पुगेको दिनको साक्षी बन्न पाउँदा खुसी व्यक्त गरे । संस्थागत कार्यमा आफू सदैव साथ रहेको बताउँदै रसाइलीले स्याबासी र खबरदारी गर्ने पाटोमा अभिभावकिय भूमिकामा आफू निरन्तर कार्यसमितिसँग साथमै रहने प्रतिबद्धता व्यक्त गरे । फगामीले मोना अन्तर्राष्ट्रियले छिट्टै मोना भवन निर्माण कार्यलाई अगाडी बढाउने बताउँदै उक्त घरमा मोना कतारका लागी पनि खास स्थान रहने बताए । उनले मोना कतार आँखाको नानी जस्तै रहेको हुँदा सदैव सामाजिक सद्भाव कायम राखेर कार्यसमितिले कार्यसम्पादन गर्न सुझाव दिए । उनले आफू दोस्रो कार्यकाल कोषाध्यक्ष बन्दा पनि मोना कतारको नाम स्मरण गर्ने गरेको बताउँदै कुनै पनि गलत काम नगर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमको समापन गर्दै सभाध्यक्ष भण्डारीले लामो समय देखी आफूले समाज भित्र रहेर कार्यसम्पादन गर्दै नेतृत्वमा पुगेको स्मरण गरे । उनले प्रवासदेखि जिल्ला सम्म दुखमा मात्र नभई हरेक पल समाजको आवश्यकता पर्ने हुँदा समाजमा जोडिन आग्रह गरे । संघ कतारका वरिष्ठ उपाध्यक्ष देवी कंडेलले स्वागत मन्तव्य राखेको कार्यक्रमको सहजीकरण महासचिव शिव खड्काले गरेका थिए ।

## धुलिखेल-खावा सडक

# चैत ७ गतेदेखि २० गतेसम्म यातायात बन्द



**काभ्रेपलाञ्चोक/मस**-अरनिको राजमार्गअन्तर्गत काभ्रेस्थित धुलिखेल-खावा सडक खण्डको स्तरोन्नतिलाई तीव्रता दिइएका अवस्थामा कालोपत्र (पक्की) बनाउन आगामी चैतमा दुई हप्ता बन्द गरिएको छ ।

निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको विस्तारका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता गरिएपछि पुनःस्तरोन्नतिलाई तीव्रता दिइएपछि पक्की बनाउन आगामी चैत ७ गतेदेखि २० गतेसम्म रातिको समयमा यातायातका साधान बन्द गरिएको हो । सडक डिभिजन कार्यालय भक्तपुरले सार्वजनिक सूचना जारी गर्दै कालोपत्रे कामका लागि उक्त समयावधिमा रातका समयमा यातायातका साधान सञ्चालनमा रोक लगाइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुनम योगेशले बताए ।

उनका अनुसार उक्त सडकखण्ड कालोपत्रका लागि आगामी चैत ७ देखि २० गतेसम्म बन्द गर्न लागिएका उक्त अवधिमा साँझ ६ बजेदेखि बिहान ५ बजसम्म ठूला चारपांग्रे सवारी साधन चल्न रोक लगाइने भएको छ। यस्तै उक्त समयमा यात्रुवाहक बस पनि चल्न रोक लगाइएको र वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरिएको छ । यसैगरि टिपर र ट्रकलगायत (पास लिएकासमेत)मालबहाक सवारीका साधनलाई चौबिसै घण्टा चलाउन रोक लगाइएको हो ।

उक्त सडकखण्डमा निर्माणमा ढिलासुस्ती हुँदा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । कार्यलयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुनःबोलपत्र आह्वान गरेको थियो । चार किलोमिटर दूरीको उक्त सडकखण्ड नयाँ निर्माण कम्पनीले समयमै सक्नेमा आशावादी भएको योगेशले बताए । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले निर्माण कम्पनीसँगको ठेक्का रद्द गरेको थियो ।

सम्झौताका समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गतसाल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको निर्माण कम्पनीसंग ठेक्का रद्द गरेको हो । सडक बिस्तारको काम कम्पनीले २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो । अरनिको राजमार्गहुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायतका जिल्लातर्फ जाने मुख्य सडकको रूपमासमेत रहेको उक्त राजमार्ग समयमै नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबीच यात्रा गर्न बाध्य भएका छन् ।

उक्त सडकमा गुड्ने मालवहाक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र आस्फाल कालोपत्र गर्ने कार्यालयले योजना बनाएको छ । सडक निर्माणको काम समयमा नसकिँदा पुनःनिर्माणका लागि भत्काइएका सडकमा दुर्घटना हुँदा यात्री घाइते भइसकेका छन् ।

## सामुदायिक विद्यालय, अस्पताल क्यान्टिनको खाद्य स्वच्छतामा कडाइ गर्दै कामपा

**काठमाडौं/मस**-काठमाडौं महानगरपालिकाले सामुदायिक विद्यालय र अस्पताल क्यान्टिनको खाद्य स्वच्छतामा कडाइ गर्न थालेको छ । कामपाले उपभोक्ताई खाद्य स्वच्छता कायम गराउन खाद्य व्यवसायीलाई क्षमता विकासका कार्यक्रम र अनुगमनलाई एकसाथ अगाडि बढाउन थालिसकेको कामपाको खाद्य प्राविधिक भारती अधिकारीकारीले जानकारी दिइन् ।

अधिकारीका अनुसार क्रममा महानगरपालिका र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको संयुक्त टोलीले सामुदायिक विद्यालयका क्यान्टिन र अस्पतालका क्यान्टिनहरूमा अनुगमन नियमितजस्तै गरिरहेको छ ।

अहिलेसम्ममा पशुपति मित्र माध्यमिक विद्यालय चाबहिलको (जानकी किचेन) क्यान्टिन तथा विद्यार्थीहरूको दिवा खाजा तयार गर्ने भान्छा, श्रम राष्ट्रिय माध्यमिक विद्यालय कुमारीगाल, शिवपुरी माध्यमिक विद्यालय महाराजगञ्जको (नमो फुड कोड) क्यान्टिन, रत्नराज्य स्कुल बानेश्वरको क्यान्टिन, केएमसी हस्पिटल सिनामंगल (ग्रीन बड्स बेकरी क्याफे) क्यान्टिन, भरोसा अस्पताल वानेश्वरको (सुदूरपश्चिम भोजनालय एण्ड खाजा घर) लगायतका क्यान्टिनको अनुगमन गरीसकेको कामपाको भनाइ छ ।

कामपाले बालबालिकाको स्वास्थ्य, पोषण र दिवा खाजा कार्यक्रमको गुणस्तर सुधार गर्न सामुदायिक विद्यालयका २३ मिल नर्ससहित ४५ जनालाई खाद्य स्वच्छता तथा पोषणसम्बन्धी तालिम दिइसकेको छ । कामपाको खाद्य प्राविधिक अधिकारीका अनुसार खाद्य स्वच्छता अभ्यास, खाद्यजन्य रोगको जोखिम, सुरक्षित खाना ह्यान्डलिङ, पोषणयुक्त दिवा खाजाको व्यवस्थापन तथा रोग रोकथाममा स्कुल नर्सको भूमिका तालिमका विषय थिए ।

नेपाल सरकारले आव २०७७/०७८ बाट प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्म तथा आव २०७९/८० देखि कक्षा ६ सम्म दिवा खाजा कार्यक्रम गरेको छ । कामपाले कक्षा १० सम्मका विद्यार्थीहरूलाई दिवा खाजा उपलब्ध गराउँछ ।

अनुगमनका क्रममा कमजोरी सुधारका लागि सुझाव दिने र अखाद्य वस्तुको अनियन्त्रित प्रयोग भएको भेटिएमा सम्बन्धित व्यक्तिको रोहवरमा नष्ट गरीएको छ । विद्यालय क्यान्टिनमा सरसफाइमा लापर्वाही रहेको पाइएको छ। कपडा र खाद्यवस्तुसँगै राख्ने गरिएको पाइन्छ । खाद्यवस्तु नछोपी राख्ने, फोहर फाल्ने भाँडो (डस्टबिन) को समुचित प्रयोग नगर्ने, किचेनको संरचनागत सुधार नगरिएकोजस्ता कैफियत भेटिएको कामपाको भनाइ छ ।

क्यान्टिनमा प्रयोग गरिएको फ्राइड तेलको टिपिएम भ्यालु मापदण्डविपरीत समेत पाइएको बताइएको छ ।

# ‘अपरेसन ३६५’ अन्तर्गत १० वटा मोटरसाइकल नियन्त्रणमा



**कास्की/मस**-जिल्ला प्रहरी कार्यालय कास्कीद्वारा सञ्चालित ‘अपरेसन ३६५’ अन्तर्गत मोटरसाइकलको स्वरुप परिवर्तन गरी, ठूलो आवाज निकाली ध्वनि प्रदूषण गर्ने, समाजलाई आतंकित पार्ने र शान्ति सुव्यवस्था खलल पार्ने १० वटा मोटरसाइकल नियन्त्रणमा लिइएको छ ।

यस्ता गतिविधि बढिरहेको भन्ने जनगुनासो आएपछि शुक्रबार राति १:०० देखि बिहान ६:०० बजेसम्म जिल्ला प्रहरी कार्यालय कास्की र मातहत वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले पोखरा-६ लेकसाइडबाट चर्को आवाजमा ध्वनि प्रदूषण गर्दै हिँड्ने, शान्ति सुव्यवस्थामा खलल पार्ने र नियन्त्रणमा लिने प्रयास गर्दा प्रहरीसँग झैझगडा गर्ने १० वटा मोटरसाइकल र छ जना चालकलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिए ।

सवारीसाधन धनीले आफ्नो साधन ‘मोडिफाई’ नगरी पूर्ववत् असली स्वरुपमा चलाउन र मोडिफाई गर्ने कार्यमा ग्यारेज, वर्कसप र रिकन्डिसन हाउस सञ्चालकले समेत उक्त कार्य नगर्न/नगराउन पनि प्रहरीले अनुरोध गरेको छ । सवारी मोडिफाई गरी चलाइएको पाइएमा सवारीसाधन धनी र उक्त कार्यमा संलग्न व्यक्तिलाई कानुनबमोजिम कारबाही हुने प्रवक्ता बस्नेतले बताए ।


## दरभाउ पत्र आह्वान

**दरभाउ आह्वान मिति : २०८२/१२/०१**

पिस नेपाल (Peace Nepal) ले लुम्बिनि प्रदेश राप्ति उपत्यका (देउखुरी) दाङ क्षेत्रमा १ वर्षका लागि तालिम/गोष्ठी/बैठक सञ्चालन गर्नका लागि लुम्बिनी प्रदेशमा सञ्लानमा रहेका होटल/ गाडी भाडा सेवा उपलब्ध गराउन सक्ने आपूर्तिकर्ता छनौट गरी (Framework Agreement) मार्फत सन् २०२६ का लागि सेवा खरिद गर्नुपर्ने भएकोले इजाजतपत्र प्राप्त आपूर्तिकर्ताबाट रितपूर्वक शिलबन्दी दरभाउपत्र फाराम पेश गर्न हुन अनुरोध गरिन्छ ।

इच्छुक इजाजतपत्र प्राप्त सेवा प्रदायकहरूले आफ्नो कार्यालयको लेटरप्याडमा दरभाउपत्र फाराम मिति २०८२/१२।०१ देखि मिति २०८२।१२। १४ गते सम्म संकलन गरी मिति २०८२।१२।१५ गते अपरान्ह १२ बजे सम्म निम्न शर्तहरूको अधीनमा रही दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

**Terms and Conditions / सर्तहरू**

१. आपूर्तिकर्ताले आफूले उल्लेख गर्न चाहेको सेवा र सोको गुणस्तर एवं दररेट संस्थाले उपलब्ध गराएको फाराममा उल्लेख गरी शिलबन्दी खाममा राखी पेश गर्नुपर्नेछ ।
२. दरभाउपत्रका साथ पेश गर्नुपर्ने कागजातहरू
   - दरभाउपत्र फाराम पेश गरेको पत्र कम्पनीको लेटरहेडमा पेश गर्ने (Rate submission letter on letterhead)
   - प्यान/भ्याट प्रमाणपत्र (PAN/VAT certificate)
   - कम्पनी दर्ता प्रमाणपत्र (Company registration certificate)
   - २०८१/८२ को कर चुक्ता प्रमाणपत्र (Tax clearance certificate)
   - व्यवसाय कालोसूचीमा नपरेको स्वघोषणा पत्र (Self-declaration letter)
   - गाडीको हकमा नविकरण भएको बिल्यू बुक (Blue Book)
३. उल्लेखित दररेट सन् २०२६ का लागि लागू हुनेछ । नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार कर कट्टी गरी संस्थाले बिल भुक्तानी गर्नेछ ।
४. आपूर्तिकर्ताले बिल पेश गरेको १ महिना भित्र बिलको भुक्तानी गरिनेछ। आपूर्तिकर्तालाई AC Payee चेक मार्फत भुक्तानी गरिनेछ ।
५. कुनै पनि दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थालाई हुनेछ ।
६. उपरोक्त बमोजिम उल्लेख गरिएका सम्पूर्ण सर्तहरूमा सहमत हुनुहुन्छ भने मात्र दरभाउपत्र भर्न सक्नुहुनेछ र यदि उपरोक्त बमोजिम उल्लेखित सर्तहरू पूरा नगरेको खण्डमा प्रतिस्पर्धामा सहभागी गराइने छैन ।
७. उल्लेखित सम्पूर्ण सर्तहरू पढी बुझी उक्त सर्तहरूमा पूर्णरूपले सहमत भई यो दरभाउपत्रमा सहिछाप गरी पेश गरेको हुनुपर्नेछ । Bottom of Form
८. शिलबन्दी दरभाउ पत्र पेस गर्ने वा निजको प्रतिनिधिको उपस्थिति वा अनुपस्थितिमा यस कार्यालयमा खोलिने छ ।
९. टेन्डर पत्र दाताले शिलबन्दी दरभाउ पत्रको खाम बाहिर फर्मको नाम, ठेगाना र शिलबन्दी दरभाउ दाताको नाम, ठेगाना र सम्पर्क नम्बर स्पष्ट लेख्नु पर्ने छ ।
१०. टेन्डर तोकिएको मिति र समय भित्र सम्बन्धित कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।
११. टेन्डर फर्म प्राप्त गर्नको लागि यस संस्थाको कार्यालय कपिलवस्तु नगरपालिका वडा नं ३, महिता चोक कपिलवस्तु वा यस संस्थाको इमेल afc.peacenepal@gmail.com मार्फत माग गरी प्राप्त गर्न सकिने छ । थप जानकारीका लागि कार्यालयको फोन नं ०७६-५६१३३१ मा सम्पर्क गर्न सकिनेछ ।

# स्वस्तिमाको छमछमी



**काठमाडौं/मस–** निर्देशक यम थापाको निर्देशनमा तयार भएको फिल्म 'लालीबजार'को पहिलो गीत 'मायालाई के दिऊँ म बैना' सार्वजनिक गरिएको छ। काठमाडौंमा आयोजित एक कार्यक्रममा गीत सार्वजनिक गरिएको हो। लोकलयमा आधारित उक्त गीतमा गायिका दीपिका बयाम्बु मगर र गायक खेम सेन्चुरीको स्वर रहेको छ। गीतको संगीत स्वयं सेन्चुरीकै रहेको छ भने शब्द रमेश बिजीले लेखेका हुन्। गीतमा मायाको प्रतीकस्वरूप प्रियजनलाई निशानी सुम्पिने भावलाई केन्द्रमा राखेर कथा प्रस्तुत गरिएको छ।

गीतको भिडियोमा अभिनेत्री स्वस्तिमा खड्का, अभिनेता रवीन्द्रसिंह बानियाँ, बालकलाकार समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ तथा डेब्यु कलाकार विशाल देवकोटालाई फिचर गरिएको छ। प्रदीप लामाको कोरियोग्राफी रहेको गीतमा स्वस्तिमा र समाइराको नृत्य मुख्य आकर्षणका रूपमा प्रस्तुत गरिएको छ। भिडियोमा सेट डिजाइन, प्रप्स र कोरस प्रयोगले दृश्यलाई थप भव्य बनाएको देखिन्छ। फिल्म आगामी वर्ष विसं २०८३ वैशाख १८ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ। बर्दियाको राजापुर क्षेत्रमा छायांकन गरिएको फिल्ममा अभय बराल, प्रेम पाण्डे, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश वादी र सरस्वती अधिकारीलगायत कलाकारको पनि अभिनय रहेको छ। यसै फिल्ममार्फत विशाल देवकोटा र प्रशंसा सुवेदीले नेपाली चलचित्रमा डेब्यु गरेका छन्।

फिल्मको कथा निर्देशक थापा स्वयंले तयार गरेका हुन् भने पटकथा र संवाद निर्देशक थापा र प्रदीप भट्टराईले संयुक्त रूपमा लेखेका छन्। अभिनेत्री स्वस्तिमा खड्काले यस फिल्ममा नियमितभन्दा फरक भूमिकामा अभिनय गरेको जनाइएको छ, जसले फिल्मप्रति दर्शकको उत्सुकता बढाएको निर्माण टिमको दाबी छ।

षट्कोण आर्ट्सको ब्यानरमा निर्माण भएको फिल्मका कार्यकारी निर्माता प्रदीप भट्टराई हुन् भने म्याक्स दीपेश खत्री र रवीन्द्रसिंह बानियाँ निर्मातामा रहेका छन्। फिल्ममा सुशन प्रजापतीको छायांकन, मित्रदेव गुरुङको सम्पादन, रोहित शाक्य र शैलेश श्रेष्ठको ब्याकग्राउन्ड म्युजिक तथा प्रकाश सपूत, खेम सेन्चुरी र जयन जे वाइवाको संगीत रहेको छ। यस्तै, फिल्ममा क्रिएटिभ निर्देशक जेबी रुवाली, द्वन्द्व निर्देशक सम्राट बस्नेत, प्रोडक्सन हेड रुपकप्रताप अधिकारी, कला निर्देशक उमेश चौधरी, कलरिस्ट रेनिश फागो, भिएफएक्स समिर श्रेष्ठ र सत्यम राना, पब्लिसिटी डिजाइनर रोयल भीमसेन (ट्राइडेन्ट), कस्ट्युम डिजाइनर तथा स्टाइलिस्ट जानकी कडायत र मेकअप आर्टिस्ट काव्या थापा रहेका छन्।


कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**

वीरेन्द्रनगर, सर्खेत, नेपाल

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/०१

यस केन्द्रबाट तपसिल बमोजिमको कार्य विद्युतीय सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त सेवा प्रदायक संस्थाहरुबाट रीतपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp मा हेर्न हुन समेत सूचित गरिन्छ।

तपसिल:

| क्र. सं | ठेक्का नम्बर | खरिद सम्बन्धी कार्यको विवरण | फाराम दस्तुर रु. | जमानत रकम रु. | सिलबन्दी दरभाउपत्र जमानत मान्य अवधि | सिलबन्दी दरभाउपत्र पेस गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 1 | PHLMC/KP/G/SQ-02/2082-083 | Procurement of Supply and Delivery of buffer stock medicine for Epidemic management | १००० | ३५,००० | ७५ दिन | २०८२/१२/१६ गते मध्यान्ह १२:०० बजे सम्म | २०८२/१२/१६ गते दिउसो १:०० बजे |

निमित्त निर्देशक



**Jayaprithvi Municipality**
**Office of The Municipal Executive**
Chainpur, Bajhang
Sudurpaschim Province, Nepal

**Invitation for Bids**

**Invitation for Bids No: JPM-NCB-13-2082/083**
**Date of publication: 2082-12-01**

1. ***[Jayaprithvi Municipality] has allocated funds or received a grant*** from ***[GoN]*** towards the construction of ***[Chainpur Bajar Sadak Maintenance and Upgrading Work]*** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for [JPM-NCB-13-2082/083]***. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***[Jayaprithvi Municipality]*** invites electronic bids from eligible bidders for the construction of ***[Chainpur Bajar Sadak Maintenance and Upgrading Work]*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***[NRs 7,59,00000]***
   - Minimum Work experience of similar size and nature: Nrs ***[2,53,00000]***
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. Or Bidder who chooses to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***[Jayaprithvi Municipality, Chainpur,Bajhang, jpmunicipality2014@gmail.com, 092-421064]*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
   A complete set of Bidding Documents may be purchased from the office ***[Jayaprithvi Municipality chainpur, Bajhang]*** by eligible Bidders on the submission of a written application, along with the *copy of company/firm registration certificate*, and upon payment of a non-refundable fee of Nrs ***[5,000]*** till ***[2083-01-02] 12:00 Noon***. Or Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank Account Name: Account Name : JAYAPRITHIVI NA.PA.(GA-1-1)-AANTARI Office Code no.: 801077001 Account no.: 4110100301010004
   Pre-bid meeting shall be held at ***[Jayaprithvi Municipality]*** at ***[13 Noon 2082-12-23]***.
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***[12 :00 Noon]*** on ***[2083-01-02].*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***[14:00 Noon on 2083-01-02]*** at the office of ***[Dewal,Bajhang]***. Bids must be valid for a period of ***[90]*** *from* the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **[*12,50,000*]**on account no 4110100303000004 of account name: JAYAPRITHIVI NA.PA.(GA-3)-DHARAUTI Rastriya Banijya Bank which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


# पारिजात सम्मान २०८२ बाट सम्मानित हुनेहरूको नाम घोषणा




**काठमाडौं/मस–** पारिजात स्मृति केन्द्रले पारिजात सम्मान २०८२ बाट सम्मानित हुने प्रतिभाको नाम घोषणा गरेको छ।

साहित्यकार पारिजातको ९२ औं जन्मजयन्तीका अवसरमा शनिबार काठमाडौंमा आयोजना गरिएको 'पारिजात जन्मजयन्ती' कार्यक्रममा सम्मानित हुनेहरूको नाम घोषणा गरिएको केन्द्रका महासचिव दिल सुन्दर श्रेष्ठले जानकारी दिए।

आगामी वैशाख ५ गते पारिजातको स्मृति दिवसमा सम्मान प्रदान गरिने उनले बताए। सम्मानित हुनेमा 'पारिजात बालसाहित्य सम्मान २०८२' बाट बालसाहित्यकार रामबाबु सुवेदी, 'पारिजात कला सम्मान २०८२' बाट गीतकार तथा संगीतकार शरद पौडेल, 'पारिजात सृजन सम्मान २०८२' बाट नवीन विभास तथा 'पारिजात संघर्षशील महिला सम्मान २०८२' बाट देवी खड्का रहेकी छन्।

विसं १९९० फागुन ३० गते पारिजातको जन्म भएको दिनलाई प्रत्येक वर्ष केन्द्रले 'पारिजात जन्मजयन्ती'का रूपमा मनाउँदै आएको छ।

यसैगरी, केन्द्रले पारिजात परिसंवाद कार्यक्रम गर्दै आएको र यस वर्ष 'प्रा.डा. वासुदेव त्रिपाठीसँग डा. महेश मास्के पारिजात परिसंवाद' कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रममा विभिन्न साहित्यकार, विद्यार्थी, सर्जकलगायत उपस्थित थिए।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति: २०८२/१२/०१

मिति २०८२/११/०८ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम **साविक कम्पनी पिक एभिएसन प्रा.लि.** नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पिक वर्ल्डवाइड एक्सप्रेस कार्गो एण्ड कुरियर प्राइभेट लिमिटेड (Peak Worldwide Express Cargo & Courier Pvt. Ltd.)** कायम गर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०८२/१२/०१

**उजिन हेल्थ केयर प्रा. लि.** को मिति २०८२/११/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्थिर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (दर्ता नं. २८८१७०)** कायम गर्ने गरी मिति २०८२/११/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**बोलपत्रद्वारा काठ लिलाम बिक्रीको सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०८२/१२/०१

यस समूहको वन क्षेत्रवाट आ.व. २०७९/२०८० को स्वीकृत वन कार्ययोजनाअनुसार कटान मुछान घाटगद्दी गरिएको लटहरूको साल तथा कुकाठ गोलिया थान ९७ को ६८३.१५ क्यू. फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। भ्याटमा दर्ता भएका नविकरण तथा कर चुक्ता भएका ईच्छुक काठ व्यवसायिकहरूले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी १६ औं दिनमा रितपूर्वको सिलबन्दी बोलपत्र दाखिला गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोराको विस्तृत सूचना यस सा.व.उ.स. को कार्यालयमा टाँस गरिएको छ।

**गढन्ता खोला प्राकृतिक सामुदायिक वन उपभोक्ता समूह,**
**बर्दिवास न.पा. - ५, महोत्तरी**



**लेटाङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
लेटाङ, मोरङ
कोशी प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आसयको सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति: २०८२/१२/१

लेटाङ नगरपालिका आ.व. २०८२।०८३ मा तपसिल बमोजिमको योजनाका लागि पेश भएका बोलपत्रहरुको बोलपत्र मूल्याङ्कन समितिको प्रतिवेदन बमोजिम न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजिनक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसील

| क्र.सं. | ठे.नं. | कार्य विवरण | घटी कवोल गर्ने घटी कवोल गर्ने नि.व्या.नाम | ठेगाना | बोलपत्रमा घटी कबोल अङ्क रु मु.अ.कर र पिएस सहित |
|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/W/2082-83/13 | Yalambar Sakela Park Nirman in Kirtima Letang- 3 | सुङ्देले निर्माण सेवा | धरान-११, सुनसरी | २३०९४९५।९८ |

प्रमुख प्रशासकीय अधिकृत



**Letang Municipality**
**Office of Municipal Executive**
Letang, Morang
Koshi Province, Nepal

**INVITATION FOR BIDS**

**Date of Publication: 15th March 2026 (2082 Chaitra 1)**

The Letang Municipality, Morang invites electronic bids from eligible bidders for the procurement listed belowunder National Competitive Bidding procedures. Eligible Bidders may obtain further information at the office of Letang municipality, Morang or may visit PPMO's website www.bolpatra.gov.np/egp or. Electronic bids must be submitted through the e-GP system i.e. www.bopatra.gov.np/egp **on or before 15th April 2026 (2083 Baisakh 2) at 12:00**.

| S. No. | IFB No. | Particulars | Estimated Cost Exclusive of VAT & Contingency (NRs.) | Bid Security Amount (NRs.) | Cost of Bidding Document (NRs.) | Bid/Bid security Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1 | LM/MOR/NCB/W/2082-83/012 | Construction of Black Topped Road in Shivalaya Marga & Gravel Works from Sukechauri to Sikshya Bikash | 33,63,101.64 | 95,000.00 | 3,000 | 90 days / 120 days |
| 2 | LM/MOR/NCB/W/2082-83/014 | Construction of Rajarani Sagma Main Road Letang-1 | 31,70,624.35 | 90,000.00 | 3,000 | 90 days / 120 days |

**Chief Administrative Officer**

# एसियन गेम्स फन रन सम्पन्न



**काठमाडौं/मस-** नेपालकी चर्चित कराते खेलाडी एरिका गुरुङसँगै विभिन्न खेलका राष्ट्रिय टोलीका सदस्यहरूको उत्साहजनक सहभागितामा शनिबार एसियन गेम्स फन रन सम्पन्न भएको छ ।

जापानाको आइची नागोया सहरमा आगामी सेप्टेम्बर २३ देखि अक्टोबर ४ सम्म एसियाली खेलकुदको २०औं संस्करण आयोजना हुँदै छ । सोही एसियाली खेलकुदको प्रवर्धन तथा सफलताका लागि शनिबार ललितपुरमा तीन किलोमिटरको फन रन आयोजना गरिएको हो ।

ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)को कार्यक्रमअन्तर्गत नेपाल ओलम्पिक कमिटी (एनओसी)ले आयोजना गरेको फन रन सातदोबाटोस्थित एनओसी भवनबाट एक कार्यक्रमबीच सुरु भएको थियो । करातेकी एरिका गुरुङसँगै एसियाली खेलकुदको तयारीमा रहेका विभिन्न खेलका खेलाडीहरू उक्त फन रनमा उत्साहजनक रूपमा सहभागी भए ।

साथै राष्ट्रिय खेलकुद परिषद् (राखेप)की बोर्ड सदस्य अञ्जना श्रेष्ठ मास्के र डा. मधुसुधन सुवेदी, ओलम्पिक काउन्सिल अफ एसियाका डिपुटी डाइरेक्टर विनोदकुमार तिवारी, आइची नागोया एसियन गेम्सको आयोजक कमिटीका मिडिया विभाग र पिआर निर्देशक फुमिहितो कानाइजुका र सोही विभागका म्यानेजर मानामी ओकुमुरा सहभागी थिए ।

उक्त फन रन बिएन बी हस्पिटल गेट, ग्वार्को चोक, प्रभात स्कुल, कनिबहा चोक, ओकुबहा, थैना, चक्रबही, हौग हुँदै पाटन दरबार स्क्वायर कात्तिक डबली मंगलबजारमा पुगेर टुंगिएको थियो । विभिन्न खेलका प्रशिक्षकसँगै ओलम्पियन, खेल संघका पदाधिकारी, कूटनीतिज्ञ, सुरक्षा निकायका प्रतिनिधि, विद्यार्थी र सञ्चारकर्मी गरी करिब एक हजारले दौडमा सक्रिय रूपमा सहभागिता जनाएका थिए ।

उक्त कार्यक्रममा नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले फर रन आइची नागोया एसियाडको प्रवर्धनका लागि मात्र नभइ जापानमा हुने आगामी एसियाडमा नेपालको सहभागिता सन्देश दिलाउन र सो एसियाडको सफलताको कामनका लागि आयोजना गरिएको बताए । एनओसीका महासचिव राजीव श्रेष्ठले फन रन सफल बनाउने सबै पक्षलाई धन्यवाद दिँदै यो स्थानीय सामुदायिक सहभागितासहित ओलम्पिकको मान्यता र भावना बुझाउने अभियान पनि रहेको धारणा व्यक्त गरे । फन रनको समापन कार्यक्रममा विभिन्न सांस्कृतिक झाँकी पनि प्रदर्शन गरिएको थियो ।

एनओसीले ओलम्पिक फन रनको आयोजना गरेको यो लगातार तेस्रो संस्करण हो । आगामी २०औं एसियाली खेलकुदमा कुल ४३ खेलअन्तर्गत ६८ विधाका चार सय ६१ इभेन्टमा पदकका लागि प्रतिस्पर्धा हुनेछ । आइची नागोया एसियाडमा कुल ५३ प्रतियोगिता स्थल छन् । आगामी एसियाडमा केही समयअगाडि मात्र प्याडल र टेकबल गरी दुई खेल थप गरिएको छ । नेपालले आगामी एसियाली खेलकुदमा सहभागिताका लागि ३२ खेल दर्ता गरेको छ ।

# हाफ म्याराथनमा सन्तोषी श्रेष्ठ पहिलो




**ललितपुर/मस-** महिला सशक्तीकरण तथा स्तन क्यान्सरसम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यसहितको काठमाडौं पिंक केयराथन आज जावलाखेलस्थित फुटबल मैदानमा सम्पन्न भएको छ । लेजरपोर्ट नेपालद्वारा आयोजित सो दौड प्रतियोगिताको २१.१ किलोमिटर हाफ म्याराथनतर्फ सन्तोषी श्रेष्ठ (नेपाल रन, धादिङ) पहिलो भएकी छन् । यस्तै, राज्यलक्ष्मी रावल (नेपाल आर्मी) दोस्रो र सरस्वती भट्टराई (नेपाल आर्मी) तेस्रो भए ।

शनिबार बिहान ६ बजे जुम्बा सत्रबाट सुरु भई त्यसपछि विभिन्न दूरीका दौड प्रतियोगिता सञ्चालन गरिएको थियो ।

कार्यक्रममा २१.१ किलोमिटर हाफ म्याराथन, १० किलोमिटर दौड तथा ५ र ३ किलोमिटरका फन रन समावेश गरिएको थियो । १० किलोमिटर दौडतर्फ निर्मला केसी (नेपाल आर्मी) पहिलो, आशा राउत (सशस्त्र प्रहरी) दोस्रो र सुमित्रा चौधरी (नेपाल प्रहरी) तेस्रो भए ।

हाफ म्याराथनका विजेतालाई क्रमश ५१ हजार, ३१ हजार र २१ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको संस्थाका अध्यक्ष नमराज जोशीले बताए । त्यसैगरी १० किलोमिटर दौडका विजेतालाई ३१ हजार, २१ हजार र ११ हजार रुपैयाँ नगद पुरस्कारसहित विभिन्न उपहार प्रदान गरिएको आयोजकले जनाएको छ । कार्यक्रममा भारतको मुम्बईका गायक जनिष्ट जोशीले सांगीतिक प्रस्तुति दिएका थिए ।

अध्यक्ष जोशीका अनुसार सन् २०१७ देखि निरन्तर आयोजना हुँदै आएको उक्त कार्यक्रममा यस वर्ष एक हजारभन्दा बढीको सहभागिता रहेको छ ।

# ढल्को टिम च्याम्पियन



**काठमाडौं/मस-** ढल्को तेक्वान्दो डोजाङले प्रथम नागार्जुन उपमेयर कप तथा १२औं सीतापाइला काठमाडौं जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिताको उपाधि शनिबार जितेको छ । ढल्को ७ स्वर्ण, ४ रजत र ३ कांस्य जित्दै टिम च्याम्पियन बन्यो । सीतापाइला तेक्वान्दो डोजाङद्वारा आयोजित प्रतियोगितामा ६ स्वर्ण, ४ रजत र १ कांस्यसाथ लायन मार्सल आर्ट्स दोस्रो भयो । तेस्रो स्थानको गोर्खाली तेक्वान्दो डोजाङले ४ स्वर्ण, १ रजत र १ कांस्य हात पाऱ्यो । शीर्ष तीन स्थान हात पार्ने टोलीले क्रमशः ५० हजार, ३० हजार र २० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरे ।

पुरुषमा सीतापाइलाका मोहम्मद सामी तथा महिलामा ढल्कोकी दीक्षा तामाङ उत्कृष्ट खेलाडी घोषित भए । दुवैले जनही १० हजार नगद पुरस्कार हात पारे । विजेतालाई नागर्जुन नगरपालिककी उप मेयर सुशीला अधिकारी, आयोजक डोजाङका प्रमुख प्रशिक्षक एवं अध्यक्ष बब्लु सिवाकोटीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । दुईदिने प्रतियोगितामा करिब ६ सय खेलाडीले २८ स्वर्णका लागि प्रतिस्पर्धा गरेको आयोजकले जनाएको छ ।

# एचजेएनबिएल : सोलो र प्लेबक्स एरेना विजयी




**काठमाडौं/मस-** हिमालयन जाभा नेसनल बास्केटबल लिग २०२६ अन्तर्गत शुक्रबार भएको खेलमा सोलो बास्केटबल र प्लेबक्स एरेना विजयी भएका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा शुक्रबारै साँझ सम्पन्न खेलमा सोलो बास्केटबलले रोएल स्पोर्ट्स सेन्ट्रललाई ७९-६९ ले पराजित गर्दै दोस्रो जित हासिल गरेको छ ।

सोलोले पहिलो क्वार्टरमा २४-१३ र दोस्रो क्वार्टरमा १४-१० को अग्रता लिँदै हाफटाइमसम्म ३८-२३ को अग्रता बनाएको थियो । रोएल्सले तेस्रो क्वार्टर २५-१९ ले आफ्नो पक्षमा पार्दै दूरी घटाउने प्रयास गरेको थियो । तर चौथो क्वार्टर सोलोले २२-२१ ले आफ्नो पक्षमा पार्दै खेल जितेको हो ।

सोलोको यो लगातार दोस्रो जित हो । यसअघि सोलोले पहिलो खेलमा प्लेबक्स एरेनालाई पराजित गरेको थियो । सोलोका प्रगुन महर्जनले सर्वाधिक २६ अंक जोडे । उनी खेलको म्यान अफ दि म्याच घोषित भए ।

रोएल्सको यो लगातार दोस्रो हार हो । पहिलो खेलमा रोएल्स कीर्तिपुरसँग पराजित भएको थियो ।

शुक्रबार राति सम्पन्न अर्को खेलमा प्लेबक्स एरेनाले कीर्तिपुरलाई पराजित गर्दै पहिलो जित हासिल गरेको छ । प्रतिस्पर्धात्मक खेलमा प्लेबक्सले कीर्तिपुरलाई ८५-८१ ले पराजित गरेको हो । कीर्तिपुरको यो पहिलो हार हो । कीर्तिपुरले पहिलो खेलमा रोएल्सलाई पराजित गरेको थियो ।

# प्रथम डाइनामिक कप इनलाइन स्केटिङ स्पिड च्याम्पियनसिप सम्पन्न




**भक्तपुर/मस-** एक दिवसिय प्रथम डाइनामिक कप इनलाइन स्केटिङ स्पिड च्याम्पियनसिप शनिबार भक्तपुरको गुण्डुस्थित काठमाडौ वर्ल्ड स्कुलमा सम्पन्न भएको छ ।

प्रतियोगितामा जुनियर तथा सिनियर विद्याका खेलाडीको सहभागिता रहेको थियो । सो प्रतियोगितामा मित्रश्री विद्यालयले प्रथम, जनप्रेमी विद्यालयले दोस्रो र शिवर्ड विद्यालयले तेस्रो ट्रफी जित्न सफल भएका थिए । ती तीनवटा विद्यालयबाट २५० खेलाडीको सहभागिता थियो ।

प्रतियोगिता डाइनामिक स्केट क्लब भक्तपुर तथा नेपाल स्केटिङ तथा स्केटबोर्डिङ्ग एसोसिएसनको सहयोगमा भएको हो ।

सो कार्यक्रममा बोल्दै राष्ट्रिय खेलकुदका परिषदका पूर्वसदस्य सचिव टंकलाल घिसिङले स्केटिङ खेल निक्कै लोकप्रिय हुँदै गएकोले ओलम्पिकमा छनोट हुने सम्भावना रहेको चर्चा गरेका थिए । ओलम्पिकमा छनोट हुने सम्भावना रहेकाले यो खेलको विकासका लागि विद्यार्थी र अभिभावकले ध्यान दिनु पर्ने धारणा पनि उनको थियो ।

कार्यक्रम क्लवका अध्यक्ष रोजन भासिमाको सभापतित्वमा भएको कार्यक्रममा पूर्व सदस्य-सचिव घिसिङ, प्रमुख प्रशिक्षक दिलिपराज बराल, संघका अध्यक्ष अच्युत खनाल, महासचिव सत्य थापा, सल्लाहकार सौनक भट्ट, स्केटका ब्राण्ड एम्बास्डर सञ्जु श्रेष्ठ, रोलर हक्कीका टीम मेनेजर सावी डिसी, काठमाडौ वर्ल्ड स्कुलका बरिष्ठ निर्देशक डा. विद्या अधिकारी, निर्देशक यांकिला लामा लगायतले विजेताहरुलाई पुरस्कार वितरण गरेका थिए ।


## मलेसियामा रोजगार

कम्पनी: RAKEBA SECURITY SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/११/२९ — चलानी नं.: ६०२५३४२५ — L.T. No.: 339978

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 16 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: PRISTINE SECURITY SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/११/२९ — चलानी नं.: ६०२५३४२६ — L.T. No.: 337375

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | स. काममा दक्ष | 1700 | ६३,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १५ गते (29 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**UTTARDAYI ROJGAR PVT. LTD.**
Gov. Lic No. 1295/074/075
Tokha-10, Kathmandu, Nepal, Tel: 01- 4966238, 4986562
Mob.: 9841911941, 9849141575 Facebook Page f manpowernepali
E-mail: rojgar.uttardayi@gmail.com, Web.: www.uttardayi.com.np



# Ratuwamai Municipality
## Office Of Municipal Executive

**Sijuwa, Morang**
**Koshi Province, Nepal**

## Invitation for Procurement of Lab Essentials /Reagent

**First Date of Publication : 2082/11/10**
**Second Date of Publication : 2082/12/01**

1. Ratuwamai Municipality Office invites sealed quoatation(egp) from Nepalese eligible bidders for the procurement of Lab Essentials/Ragent mentioned below :-

| S. N. | Contract Name/Contract ID | Cost of Bidding Document (NRs) | Bid Security Amount (NRs) | Deadline date of bid submission and opening date |
|---|---|---|---|---|
| 1 | Procurment of reagent for LifotriniceCL8000(Rmun/SQ/Reagent/01/2082/83) | 1000 | 45,000/- | Submission Deadline 2082/12/16 12:00 Noon Opening Date 2082/12/16 13:00 Noon |
| 2 | Procurement of Reagent for Becon(Bonavera Chem 200)(Rmun/SQ/Reagent/02/2082/83) | 1000 | 25,000/- | |
| 3 | Procurement of reagent for Erba H560 Hermatology Analyzer (Rmun/SQ/Reagent/03/2082/83) | 1000 | 20,000/- | |
| 4 | Procurement of AgappeMispa Viva (Rmun/SQ/Reagent/04/2082/83) | 1000 | 18,000/- | |
| 5 | Procurement of X-ray film Fujifilm (Rmun/SQ/Reagent/05/2082/83) | 1000 | 20,000/- | |
| 6 | Procurement of Lab essentials (Rmun/SQ/Labgoods/01/2082/83) | 1000 | 12,000/- | |


2. Eligible Bidders may obtain further information by visiting Ratuwamai Municipality .
3. A complete set of bidding documents may be bought from Ratuwamai Municipality office during office hours and should deposit the cost (as specified above) of bidding document in the office Rajaswa (Revenue) account as specified below and the original copy of the bank deposit voucher shall be submitted by the bidder at the time of submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank are as follows:

| Bid Document Purchase Fee | Bid Security |
|---|---|
| Name of Bank : **Nepal Investment Mega Bank Ltd.** | Name of Bank : **Nepal Investment Mega Bank Ltd.** |
| Account Name : **Ga.1.1 RatuwamaiNa.Pa Aantarik Rajasho Khata** | Account Name : **Ga.3.1 RatuwamaiNa.PaDharautiKhata** |
| Account Number : **09701400000093** | Account Number : **09701400000031** |

4. If the last date of opening falls on government holiday, then the working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

आर्थिक
www.madhyanhadaily.com
गो.द.का.द.नं. ३३/०६२/०७०
१ चैत २०८२ आइतबार
15 March 2026 Sunday



# पर्यटनमैत्री नीति बने पर्यटन क्षेत्रमा आउन सक्छ 'स्वर्ण युग'

कोभिड महामारी पछि लयमा आउन थालेको पर्यटन क्षेत्रमा अमेरिका-इजरायल र इरानबीचको द्वन्द्वले फेरि त्रास सृजना गराएको छ । पर्यटन क्षेत्रमा खर्बौंको लगानी गरिरहेका व्यवसायी जसरी कोभिडको मारमा परेको थिए त्यस्तै पश्चिम एसियामा सुरु भएको द्वन्द्वले उस्तै बनाउने त होइन भन्ने चिन्तामा व्यवसायी देखिएका छन् । तर, द्वन्द्व अन्त्य हुने र नेपालमा बन्न लागेको पाँच वर्षे स्थिर सरकारले पर्यटनमैत्री नीति निर्माण र भौतिक पूर्वाधारमा काम गरे पर्यटन उद्योगको लागि स्वर्णयुग बन्ने अपेक्षा पनि पर्यटन व्यवसायीमा देखिन्छ । प्रस्तुत छ, पश्चिम एसियाको तनावले तत्काल पर्यटन क्षेत्रमा पर्ने असर र नयाँ सरकारले पर्यटन क्षेत्रका लागि के गर्नुपर्छ भन्ने विषयमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपालका पूर्व उपाध्यक्ष एवं पर्यटन व्यवसायी **प्रदीप पण्डित**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

● **प्रदीप पण्डित**, पूर्वउपाध्यक्ष, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल

**पश्चिम एसियामा देखिएको द्वन्द्वले नेपालको पर्यटन क्षेत्रलाई कस्तो असर गर्छ ?**

नेपालको पर्यटन क्षेत्र कोभिड अघि कै लयमा आइरहेको अवस्था छ । तर, अमेरिका-इजलायल र इरान बीचको युद्धले फेरि अर्को त्रासको सृजना गरेको छ । युद्ध केही महिना मात्र जारी रहने हो भने यो वर्ष पर्यटन क्षेत्रले ठूलो अवसर गुमाउने देखिन्छ । पर्यटन व्यवसायीको लागि अबको ६ महिनालाई सिजनको रूपमा हेर्ने गरिन्छ । पर्यटन व्यवसायीले आम्दानी गर्ने बेला मार्च, अप्रिल मे र जुन महिना नै हो । यो बेला नै पर्यटक धेरै आउने गर्छन् । तर, अहिले पश्चिम एसियामा समस्या आएको छ त्यसको असर यो क्षेत्रमा देखिन थालेको छ ।

अहिले भारतीयदेखि चिनियाँ पर्यटक नै कम आउने देखिन्छ । जनवरी, फेब्रुअरीमा पर्यटक आगमन बढ्न थालेको थियो । तर, मार्चमा पर्यटक आगमन निकै कम हुने देखिएको छ । नेपालमा पर्यटक धेरै ल्याउने सबैभन्दा ठूलो कतार एयर कम्पनी नै हो तर, यो एयरले अहिले द्वन्द्वको कारण फ्लाइट गर्न सकिरको छैन । अन्य फ्लाइट समेत रोकिएका छन्  यसको सिधै असर नेपालको पर्यटन क्षेत्रमा देखा परेको छ ।

**पश्चिम एसियाको द्वन्द्वले तत्काल पर्यटन क्षेत्रमा आउने समस्या के हुन् ?**

भिजिट नेपाल-२०२० घोषणासँगै पर्यटन क्षेत्रमा ठूलो लगानी भित्रिएको थियो । एनआरएनदेखि पर्यटन व्यवसायीले पर्यटन क्षेत्रमा खर्बौं लगानी गरेका छन् । पछिल्लो दुई तीन वर्षको समयलाई हेर्ने हो भने तारे होटलदेखि चेन होटलका संख्या थपिएका छन् । सो आधारमा जुन हिसाबले पर्यटन आउनु पर्ने हो त्यो नहुँदा प्रत्यक्ष रूपमा लगानीकर्तालाई नै असर गर्ने छ ।

पर्यटन क्षेत्र अब तीव्र गतिमा अगाडि बढ्ने बेलामा पछिल्लो द्वन्द्वले फ्लाइटसँगै घुम्ने मान्छेको समेत कमि आउने देखिन्छ । द्वन्द्व हुँदा घुम्ने भन्दा पनि बचत गर्ने तर्फ लाग्ने धेरै हुन्छन् । नेपाल घुम्न आउने पर्यटक मध्यम आय भएका धेरै हुन्छन् । त्यो वर्ग पनि डेली लाइफ चलाएर बचाएको पैसाले घुम्ने गर्छन् ।

त्यसलै अहिले यस्ता पर्यटक आउने कुरामा ब्रेक लागेको छ । बुकिङ क्यान्सिलेसन समेत सुरु भइसकेको छ । सिजनमा आउने पर्यटकको समेत अहिले इन्क्वाइरी निकै कम भइसकेको छ, भएका बुकिङ समेत पोष्टपोन तथा  क्यान्सिल नै गर्ने अवस्था सुरु भइसकेको छ । त्यसले गर्दा पर्यटन क्षेत्रसँगै समग्र अर्थतन्त्रलाई नै प्रवाह पार्ने देखिन्छ । विदेशी मुद्रा भित्र्याउने माध्यम रेमिट्यान्सपछि पर्यटन नै हो । रेमिट्यान्स पनि नआउने र पर्यटनको आगमन नै ठप्प हुँदा विदेशी मुद्रा समेत नहुने हो भने फेरि आर्थिक मन्दी आउन सक्ने हुन्छ । विदेशी मुद्राको असन्तुलन हुने अवस्था विदेश गएका र पर्यटन व्यवसायमा आश्रित व्यवसायी, परिवार र विशेषगरी मजदुर वर्गमा समस्यामा पार्ने देखिन्छ ।

**लामो समयपछि स्थिर सरकार बन्दै छ । नयाँ बन्ने सरकारप्रति पर्यटन क्षेत्रले कस्तो अपेक्षा गरिरहेको छ ?**

नेपालको समग्र विकास हुन नसकेको कारण राजनीतिक अस्थिरता नै हो भन्ने गरेका थियौं । पटक-पटक सरकार परिवर्तन भइरहने, नीति परिवर्तन भइरहने गर्दा कामको गति नै सुस्त थियो । तर, अब पाँच वर्षको लागि स्थिर सरकार बन्दै गरेको अवस्थामा व्यवसायीहरू पश्चिम एसियाको द्वन्द्व छिटो समाधान भए पर्यटन क्षेत्रमा स्वर्ण युग आउने अपेक्षा गरेका छन् ।

राजनीतिक स्थिरता हुँदा विदेशीले नेपाललाई हेर्ने दृष्टिकोण नै फरक पर्ने छ । ट्रेकिङ, टुर, पर्वतारोहण गर्न आउने पर्यटकले समेत नेपाल परिवर्तन भएको आभास गर्नेछन् । अहिले संसदमा निर्वाचित भएका नयाँ युवा नेतृत्व आउँदै गर्दा पनि पर्यटन व्यवसायी धेरै सकारात्मक छन् । सरकारले तत्काल केही पर्यटनमैत्री नीति बनाएर सुरुवात गर्दा आम व्यवसायीहरूमा उत्साह आउने देखिन्छ ।

**भौतिक पूर्वाधार निमाणमा नयाँ सरकारको अबको भूमिका कस्तो हुनुपर्छ ?**

हो, नेपालमा भौतिक पूर्वाधार निर्माण निकै नै सुस्त छ । पर्यटकको गन्तव्यसम्म पुग्ने सडक वर्षौं हुदाँ समेत बदैनन् । पर्यटकमा त्रास र दुःखकष्ट हुँदा स्थान राम्रा हुँदाहुँदै पनि पर्यटक जान चाहिरहेका हुँदैनन् । जस्तै, काठमाडौं-पोखरा, काठमाडौं-चितवनदेखि अन्य पहाडी सडक बन्न लागेको वर्षौं हुँदा समेत काम सुस्त छ । २ सय किलोमिटर ट्राभल गर्न पनि आठ/नौ घण्टा र एकदमै कष्टपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ । यसले पर्यटक प्रवर्धनलाई असर गरिरहेकै हुन्छ ।

अब नयाँ सरकारले  पर्यटकीय क्षेत्रमा राज्यको संयन्त्र नै लगाएर भएपनि फास्ट ट्र्याकमा काम गर्नैपर्छ । काठमाडौं-पोखरा, काठमाडौं-चितवन टुर कार्यक्रममा आउने पर्यटकहरू रोडकै कारणले क्यान्सिल हुने समेत अवस्था छ । यात्रा गरेर फर्किएका पर्यटकले दिने सन्देशले समेत धेरै पर्यटक डराएको अवस्था छ । त्यसैले गर्दा पूर्वाधारको क्षेत्रमा धेरै काम गर्न आवश्यक छ ।

हामी वर्षमा ११ लाख संख्यामा पर्यटक आए भनेर मात्र रमाएका छौं तर, हाम्रा होटलहरूको क्यापासिटी २०-३० लाख लाई सेवा दिन सक्ने छन् । सरकारले जुन पूर्वाधारमा काम गर्नु पर्ने हो त्यसलाई चाहिँ अब फास्ट ट्र्याकमा काम गर्न आवश्यक छ ।

पोखरा र भैरहवाको अन्तर्राष्ट्रिय विमानस्थल फूल फेजमा सञ्चालन गर्न आवश्यक छ । त्यो सञ्चालन हुन नसक्दा पर्यटक जुन मात्रामा पर्यटक भित्र्याएर राज्य र व्यवसायीले लाभ लिन नसकेको अवस्था छ । बन्दै गरेको नयाँ सरकारले चाहिँ पूर्वाधारहरूमा लगानी गर्ने र भइराखेको पूर्वाधारहरूलाई चाहिँ मर्मत गर्ने हो भने मात्र पर्यटक क्षेत्रको विकास गर्न सहज छ ।

**दुई छिमेकी मुलुक चीन र भारतमा अर्बौं जनसंख्या छ । त्यहाँबाट हामीले पर्यटक किन ल्याउन सकेका छैनौं ?**

अहिले पनि धेरै पर्यटक आउने भनेको भारत र चीनबाट नै हो । भारत र चीनबाट जुन मात्रामा आउनु पर्ने हो त्यो मात्रामा पर्यटक आउन नसकेको चाहिँ सत्य हो । किनभने हाम्रो सडक र हवाई पूर्वाधार नै कमजोर छ ।

चाइनिज पर्यटकहरू कोभिड भन्दा अगाडि जति आएका थिए त्यो संख्या घटेको छ । हामीले मुस्ताङको केरला नाका खोले त्यहाँबाट चाइनिज पर्यटक भित्र्याउन सकिन्छ । हामीले जुन हिसाबले भारतीय पर्यटक भित्र्याउन सक्छौं त्यो पनि भित्र्याउन सकिएको छैन । किनभने अहिले भारतबाट हुने फ्लाइट दिल्ली-काठमाडौंमै सीमित छ ।

मुम्बई हैदराबाद, चेन्नइ, बनासरबाट समेत डाइरेक्ट फ्लाइट गराउन सक्ने हो भने भारतीय पर्यटकको ठुलो संख्या भित्र्याउन सकिन्थ्यो तर, त्यसतर्फ अहिलसम्म ध्यान गएको छैन । जुन मात्रामा इन्डियन र चाइनिज करोडौं व्यक्ति अन्य देशमा ट्राभल गरिरहेका छन् त्यसको केही प्रतिशतमात्र नेपाल ल्याउन सक्ने हो भने हामी धेरै टाढा जानु पर्दैन ।

---

इथानोल मिश्रित पेट्रोल

## ऊर्जा आयात घटाउने र रोजगारी बढाउने नीति लागू



**काठमाडौं/मस-** सरकारले पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने नयाँ नीति कार्यान्वयनमा ल्याएको छ । मन्त्रिपरिषद्ले जारी गरेको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, २०८२' शुक्रबार राजपत्रमा प्रकाशित भएको छ ।

यो आदेशमार्फत स्वदेशी कच्चापदार्थमा आधारित उद्योग प्रवर्धन, रोजगारी सिर्जना, कृषि तथा जैविक स्रोतको उपयोग बढाउने र ऊर्जा क्षेत्रमा आयातमा निर्भरता घटाउने सरकारको लक्ष्य छ । आदेशअनुसार नेपाल आयल निगमले उपलब्धताअनुसार प्रति लिटर पेट्रोलमा अधिकतम १० प्रतिशतसम्म इथानोल मिश्रण गर्नुपर्नेछ । आवश्यकताअनुसार मन्त्रिपरिषद्ले यो अनुपात घटबढ गर्न सक्ने व्यवस्था पनि आदेशमा गरिएको छ ।

इथानोल उत्पादनका लागि प्रयोग गर्न सकिने कच्चापदार्थमा मोलासेस, नेपियर घाँस, खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ, पराल, मकैको ढोड, गहुँको छ्वाली, सिमल तरुल (कास्साभा), सडेगलेको अन्न, मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन समावेश छन् । खाद्यान्नको दुरुपयोग रोक्नका लागि खाद्यान्नका रूपमा प्रयोग हुने अन्न इथानोल उत्पादनमा प्रयोग गर्न नपाइने व्यवस्था पनि गरिएको छ ।

उद्योगहरूले प्रचलित कानुन अनुसार तोकिएका कच्चापदार्थबाट मात्र उत्पादन गर्नुपर्नेछ र उत्पादन गरिएको इथानोल नेपाल आयल निगमलाई मात्र बिक्री वितरण गर्नुपर्नेछ । यसले बजारलाई नियन्त्रित गर्दै इथानोलको प्रयोग पेट्रोलमा मिश्रणसम्म सीमित गर्ने नीति स्पष्ट गर्दछ ।

उद्योगहरूले उत्पादन प्रक्रियामा वातावरणमैत्री उपाय अपनाउनुपर्ने, गुणस्तर मापदण्ड कायम गर्नुपर्ने र गुणस्तर परीक्षणको जिम्मेवारी आफ्नै प्रयोगशालाबाट गर्नुपर्ने आदेशमा उल्लेख छ । निगमले पनि प्रत्येक ट्यांकरको गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नेछ ।

इथानोलको मूल्य निर्धारण सरकारद्वारा सिफारिस समितिको सुझावमा प्रत्येक आर्थिक वर्ष सुरु हुनु अघि हुने छ । मूल्य निर्धारण नहुँदा अघिल्लो वर्षको मूल्य कायम रहनेछ । निर्धारित मूल्य प्रत्येक वर्ष साउन १ गतेदेखि लागू हुनेछ ।

नेपाल आयल निगमले इथानोल खरिदका लागि उद्योगसँग सम्झौता गर्नुपर्नेछ र उद्योगले दैनिक आवश्यक परिमाण, तोकिएको स्थान र समयमा इथानोल उपलब्ध गराउनुपर्नेछ । उद्योगले सम्झौतामा उल्लंघन गरेमा प्रचलित कानुन अनुसार क्षतिपूर्ति माग गर्न सकिने व्यवस्था गरिएको छ ।

इथानोल ढुवानीको जिम्मेवारी उद्योगलाई दिइएको छ । अत्यधिक ज्वलनशील र पानी अवशोषण गर्ने प्रकृतिको इथानोल ढुवानी गर्दा उच्च सुरक्षा मापदण्ड अपनाउनुपर्ने आदेशमा उल्लेख गरिएको छ । मन्त्रालयले सुरक्षित भण्डारण, मिश्रण र ढुवानीका लागि मापदण्ड तयार गरी लागू गर्नेछ ।

सरकारले इथानोल मूल्य निर्धारण र उद्योगलाई सुविधा दिने सिफारिसका लागि समिति गठन गरेको छ । समितिको संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव हुनेछन् भने अर्थ, कृषि, गुणस्तर तथा नापतौल विभाग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र नेपाल आयल निगमका प्रतिनिधि सदस्य रहनेछन् ।

आदेशअनुसार समितिले कच्चापदार्थ लागत, कर छुट, सुविधा, राष्ट्रिय प्राथमिकता उद्योग मान्यता, उपकरण आयातमा कर छुट, कृषक र कृषि सहकारीलाई मल/बिज/विद्युत् महसुलमा सहुलियतलगायत विषयमा सिफारिस गर्नेछ ।

---

## ग्यास र इन्धनको कृत्रिम अभाव सिर्जना गर्नेलाई कारबाही गरिने




**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले खाना पकाउने ग्यास र सवारीसाधनमा प्रयोग हुने इन्धनको कृत्रिम अभाव सिर्जना गर्ने तथा कालोबजारी गर्नेलाई कारबाही गरिने जनाएको छ ।

ग्यास हुँदाहुँदै छैन भनेर ग्राहकलाई नदिने, अब ग्यास पाइँदैन भनेर धेरै मूल्य लिने, इन्धन डिपोहरूमा तेल मौज्दात हुँदाहुँदै छैन भनेर उपभोक्तालाई फर्काउने गरिएको गुनासो आउन थालेपछि महानगरले निगरानी संयन्त्र सक्रिय बनाएको कामपाका प्रशासन विभागका प्रमुख महेश काफ्लेले जानकारी दिए ।

काफ्लेले भने, 'ग्यास छैन भन्ने गलत सूचना प्रवाह गरेर मूल्य बढी लिने तथा सर्वसाधारणको जनजीवनमा असहज परिस्थिति सिर्जना गर्नेमाथि कारबाही गर्नेछौं, नेपाल आयल निगमले ग्यासको मूल्य आधा सिलिन्डर ९५५ तोकेको छ । यही मूल्यमा खरिदबिक्री गर्न व्यवसायी र उपभोक्तामा हाम्रो अनुरोध छ ।'

ग्यास अभाव हुने आशंकामा उपभोक्ताले बढी भण्डारण गर्ने गरेकाले पनि बजारमा अभाव देखिएको उहाँको भनाइ छ । यसरी ग्यास सञ्चिति गर्न थालियो भने माग र आपूर्तिको

चक्रमा असर

पुग्छ । यसकारण उपभोक्ताले पनि जिम्मेवारपूर्वक ग्यास माग गर्नुपर्छ', काफ्लेले भने, 'सहज जनजीविकाका लागि उपभोक्ता, उद्योग तथा वाणिज्य क्षेत्र र सरकार सबैको समान दायित्व छ । आआफ्ना दायित्व सबैले पूरा गनुपर्छ ।'

पेट्रोल पम्पहरूले पनि आफूसँग मौज्दात इन्धन भएर पनि छैन भनी सवारीसाधनलाई उपलब्ध नगराउने सूचना पाइएको जनाउँदै उनले यसमा महानगरले निगरानी थालेको बताए । ग्यास र इन्धन अभाव सिर्जना गर्ने क्रियाकलाप देखेमा तथ्यमा आधारित विवरण महानगरपालिकाका 'हटलाइन नम्बर' ११८० मा टिपाउन सकिने व्यवस्था मिलाइएको छ । यसरी प्राप्त विवरणका आधारमा कामपाले निगरानी गर्नेछ । ग्यास बिक्रेता महासंघ नेपालका अध्यक्ष ज्ञानेश्वर अर्यालका अनुसार भारतबाट आउने ग्यास अहिलेसम्म नियमित छ । उनले सञ्चितिका लागि माग नगर्न उपभोक्तासँग आग्रह गरे ।

---

## टेक्नो स्पार्क गो ३ स्मार्टफोन सार्वजनिक



**काठमाडौं/मस-** टेक्नोले नेपालमा आफ्नो नयाँ स्मार्टफोन स्पार्क गो-३ सावर्जनिक गरेको छ । दैनिक रूपमा सक्रिय रहने युवा, विद्यार्थी र कामकाजी पुस्ताका लागि विशेष गरी डिजाइन गरिएको फोन टेक्नोले ल्याएको हो ।

सो फोन भरपर्दो प्रदर्शन र उत्कृष्ट कनेक्टिभिटीमा सहयोग गर्ने कम्पनीको भनाइ छ । टेक्नो मोबाईलका सिइओ अर्जित तालापत्रले नेपालका युवा उपभोक्तालाई उनिहरूको दैनिक गतिसँग मेल खाने प्रकारको स्मार्ट फोन चाहिने भएकाले नेपाली बजारमा यसलाई उपलब्ध गराइएको बताए । 'स्पाक गो ३ मार्फत हामी बलियोपन, बुद्धिमत्ता र भरोसायोग्य कनेक्टिभिटी भएको फोन ल्याएका छौं, जसको डिजाइन पनि जीवनशैलीसँग मेल खान्छ', अर्जितले भने । फोनमा १२० एचजेड सुपर स्मुथ डिस्प्ले रहेको छ । जसले स्क्रोलिङलाई सहज, टचलाई छरितो र दृश्य अनुभवलाई प्रिमियम बनाउने कम्पनीको भनाइ छ । साथै, टेक्नो एआई भ्वाइस असिस्टेन्ट र नो नेटवर्क कम्युनिकेशन २.० सुविधाले नेटवर्क कमजोर वा नभएको स्थानमा पनि सञ्चार सम्भव बनाउँछ । ४ जीबी प्लस ६४ जीबी भेरियन्टका लागि १५ हजार ९९९ रुपैयाँ र ४ जीबी प्लस १२८ जीब भेरियन्टका लागि १६ हजार ९९९ रुपैयाँ मूल्य तोकिएको छ ।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**